# रातो खबर साप्ताहिक
Ratokhabar weekly

रातो खबर अब www.eratokhabar.com मा पनि पढ्न सकिन्छ ।

वर्ष २, अङ्क ४५, पूर्णाङ्क ९३ | २०७४ वैशाख २७ गते बुधबार | Wednesday, 10 May 2017 | www.eratokhabar.com | मूल्य रु. १०


## अधिकारकर्मीद्वारा विरोध



सरकारद्वारा देशव्यापी गरिरहेको पक्राउ, झुट्ठा मुद्दा, थुनछेकका विरुद्ध सोमबार जनअधिकार अभियान नेपालका संयोजक एकराज भण्डारीले विरोध गर्दै वक्तव्य जारी गर्नुभएको छ । वक्तव्यमा भण्डारीले भन्नुभएको छ - २०७४ साल वैशाख २४ गते नेपाल कम्युनिस्ट पार्टीले आफ्ना केन्द्रीय सदस्यहरुसमेतका नेता तथा कार्यकर्ताहरु बर्दिया, रुकुम, काभ्रे, चितवन, सिन्धुली, दैलेख, ललितपुर, ... बाँकी पृष्ठ ७ मा

# संसदवादी खेमामा दर्शन र नैतिकताको मृत्यु

## ◆ सरकारी दमनको प्रतिरोध गर्न विप्लवको अपील

## ◆ नेकपा, वैद्य माओवादी र सर्वसाधारण गरी सयौं गिरफ्तार

■ **रातो खबर संवाददाता**/काठमाडौं

संसदीय दलहरुले आफ्नो घोषित मूल्य र नैतिक धरातलको विरुद्ध गएर चुनावी गठबन्धन गरेका छन् । पुँजीवादी प्रजातन्त्रको ठेकेदार दाबी गर्दै आएको कांग्रेस र साम्यवाद तथा सर्वहारा वर्गको गीत गाउँदै गरेको नेकपा (माओवादी केन्द्र) का बीचमा गठबन्धन भएको छ । त्यसैगरी नेकपा (एमाले) र राजावादी, हिन्दु धर्मवादी, सामन्ती विरासत र आदर्श बोकेको राप्रपाका बीचमा गठबन्धन भएको छ । यसलाई दर्शन र आदर्शको मृत्यु भएको निष्कर्ष निकालिएको छ । औपचारिक अर्थमै भएपनि वैचारिक राजनीतिक रुपमा गम्भीर आरोप-प्रत्यारोप लगाउने गरेका दलहरुबीचको अप्रत्यासित सम्बन्धलाई संसदीय दलहरुको नैतिकताको ह्रास र अनैतिकताको पराकाष्ठाको रुपमा हेरिएको छ । नेपालका संसदीय दलहरु साम्राज्यवाद मूलतः भारतीय साम्राज्यवादको दलालका रुपमा बदनाम छन् । यो कुनै मिथ्या आरोप मात्र नभएर ओपन सेक्रेट अथवा 'फाटेको जालैले छेकेको, छेकेपनि छर्लङ्गै देखेको' भनेझैं छ । सत्तास्वार्थ र शक्ति केन्द्रको निर्देशनअनुसार उनीहरु जे पनि गर्न,



पिपलको पात झैं फर्किन, पल्टिन तयार हुन्छन् भन्ने कुरालाई यसले पुष्टि गरेको छ ।

प्रचण्ड-देउवा अनैतिक गठबन्धन सरकारले संसदीय चुनावको शान्तिपूर्ण विरोध कार्यक्रम समेत विथोल्ने, पक्राउ गर्ने, झुट्ठा मुद्दा लगाउने गरेको छ । देख्दा बाघजस्तो भएपनि कमजोर र आतंकित सरकारले राजनीतिको ज्ञान र कुनै दलमा नभएका सयौं सर्वसाधारणलाई गिरफ्तार गरेको छ । उसले चुनावमा भाग लिएको नेकपा (क्रान्तिकारी माओवादी) का नेता, कार्यकर्ता र उमेदवारसमेतलाई गिरफ्तार गरेको छ । प्रहरीले सरकारको विरोधमा बोल्न, लेख्नसमेत प्रतिबन्ध लगाएको छ । नेपालमा अहिले संसदीय फासिवादको अभ्यास भइरहेको छ । नेकपाका महासचिव विप्लवले आइतबार अपरान्ह एक वक्तव्य जारी गर्दै आइतबारसम्ममा दुईजना केन्द्रीय सदस्यसहित १५० जनाभन्दा बढी गिरफ्तार गरेको बताउनुभएको छ । मंगलबारसम्म त्यो संख्या दुईसय नाघिसकेको छ । सरकारले शान्तिपूर्ण विरोध र आलोचनालाई बल प्रयोग गरेर रोक्ने, मुख थुन्ने र कलम भाँचेर निरङ्कुशता लाद्ने धृष्टता गरेको छ । त्यसप्रकारको दमनबाट नझुक्न नथाक्न, त्रसित नहुन र दलाल तत्वहरुको प्रतिरोध गर्न महासचिव विप्लवले आफ्ना कार्यकर्ता, देशभक्त र आम जनतालाई अपील गर्नुभएको छ । सरकार र प्रहरीको हर्कत हेर्दा २०५२ साल आसपासको झल्को आउँछ । जतिबेला तत्कालीन

... बाँकी पृष्ठ ७ मा

# चुनाव विरोधी गतिविधि तीव्र

## ३० गते नेपाल बन्द हुने

■ **अम्बिका चन्द**/काठमाडौं

विस वर्ष अगाडि नै असफल भइसकेको संसदीय व्यवस्थालाई ब्युँताएर दलाल संसदीय व्यवस्थालाई सस्थागत गर्न घोषित स्थानीय निकायको चुनावको मिति नजिकिँदै गर्दा त्यसको खारेजी र बहिष्कारका गतिविधिहरु देशैभरि तीव्र बनिरहेका छन् । चितवनमा प्रचण्डपुत्री रेणु दाहालले चुनावी प्रचारमा प्रयोग गरेको गाडी जलेर ध्वस्त हुनुको साथै विभिन्न ठाँउमा गरी करिब एक दर्जन सवारी साधनमा तोडफोड र आगजनी भएका छन् । रुकुमलगायतका केही जिल्लाहरुमा अनिश्चितकालिन बन्दको घोषणासमेत गरिएको छ । चितवन, सिन्धुलीलगायत देशका विभिन्न ठाउँका उम्मेदवारहरुका घरहरुमा कालो झण्डा गाडिएका छन् भने कतिपय उम्मेदवारहरुलाई चेतावनी स्वरुपका पत्रहरुपनि पठाइएका छन् । जनकपुर व्यूरो, पश्चिम ताम्सालिङ्ग, धौलागिरी, भेरीलगायतका विभिन्न व्यूरोहरुले प्रेस विज्ञप्ति जारी गर्दै देश र जनताको विपक्षमा, सिमित सत्तासिनहरुको स्वार्थअनुरुप गर्न लागिएको चुनावमा सहभागी नहुन भन्दै उम्मेदवारहरुलाई चेतावनी दिएका छन् ।



जनयुद्धको आधार इलाका पहाडी जिल्ला कालिकोटमा चुनाव प्रसारप्रसार गर्न पुगेको टोलीलाई स्थानीय बासिन्दाले लखेटेर पठाएका छन् भने त्रिवेणी गाउँपालिकालाई चुनाव प्रचार प्रसार निषेधीत क्षेत्रसमेत घोषणा गरेका छन् । यता मकवानपुरस्थित शिवम सिमेन्ट कारखानाको ५ वटा स्काभेटरमा एक समूहले आगो लगाई ध्वस्त पारेको छ । काठमाडौंको हात्तिगौडामा एउटा बम विष्फोट हुनुको साथै एउटा कार र मोटरसाइकलमा आगजनी भएको छ । रुकुम खलंगाको चुनावका पर्चा पप्लेट च्यातिनुका साथै मठ भन्ने ठाँउमा पाइप बम विष्फोट भएको छ । उता गोरखामा रहेको निर्वाचन कार्यालय तोडफोड भएको छ भने स्थानीयले चुनाव प्रचार सामाग्रीहरु जलाएर नष्ट पारिदिएका छन् । धादिङ्ग र नुवाकोटमा उम्मेद्धारले प्रयोग गरेका गाडीहरु जलाइएका छन् भने सिन्धुलीमा गाउँपालिकाका साइनवोर्डहरु फालेर जनसत्ताका बोर्डहरु टाँगिएका छन् । नेकपाले चैत्र २४ गतेदेखि शुरु गरेको चुनाव भण्डाफोर तथा जागरण अभियान पनि देशभरी चलिरहेको छ । ठाँउठाँउमा घरदैलो कार्यक्रमहरु चलिरहेका छन भने सभा र भेलाहरु पनि भइरहेका छन् ।

कालीकोटको रासकोटमा चुनावमा भोट हाल्न आउनुपर्छ भन्दै डेढ सयदिख दुई सयको संख्यामा शसस्त्र, जनपथ र म्यादी प्रहरी लगेर गाँउ पसेका माओवादी केन्द्रका कार्यकर्ता र स्थानीय वासिन्दाविच दोहोरो झडपसमेत भएको छ । नेकपाका स्थानीय कार्यकर्ताहरुलाई पक्राउ गर्न खोज्दा प्रहरी र स्थानीय वासिन्दावीच झडप भएको थियो । झडपका क्रममा स्थानीयले प्रहरीका ३ थान राइफलसमेत भाँचिदिएका छन् । केही प्रहरी घाइतेसमेत भएका छन् । स्मरणीय छ २०५४ सालमा ज्यादती गर्न गाँउ पसेको भन्दै स्थानीय महिलाहरुले प्रहरीका राइफल खोसेर तत्कालीन जनमुक्ति सेनालाई बुझाएका थिए । त्यो घटना निकै चर्चित बनेको थियो ।

### देशैभरी धरपकट र गिरप्तारी तिव्र

शान्तिपूर्ण तरिकाले चुनाव वहिस्कारको प्रचारप्रसार कार्यमा लागेका नेकपाका दर्जनौं नेताकार्यकताहरुलाई प्रहरीले गिरफ्तार गरेको छ । गृहमन्त्रालय अन्तर्गतको सुरक्षा समितिको बैठकले नै निर्णय गरेर चुनावको लागि विप्लव नेतृत्वको नेकपा चुनौती रहेको भन्दै पक्राउको लागि ठाडो आदेश गरेको छ । यसैको सिलसिलामा नेकपाका केन्द्रीय सदस्य सन्देश पौडेललाई सिन्धुली तर्फ गइरहेको अवस्थामा बर्दिबासबाट र विष्णु महर्जन नारायणलाई म किर्तिपुरमा बाटोमा हिडिरहेको बेला पक्राउ गरेको छ । उता बर्दिया जिल्लाकी इञ्चार्ज देवकला अधिकारीसहित २१ जनालाई पक्राउ गरेको छ भने कास्कीमा सेक्रेटरीसहित १ दर्जनलाई पक्राउ गरेको छ । यता धादिङ्ग गजुरीबाट १२ जनालाई पक्राउ गरेको छ । पार्टीको जिल्ला समितिको वैठक सकेर बाटोमा हिडिरहेको

... बाँकी पृष्ठ ७ मा

# पछिल्लो राजनीतिक परिस्थितिबारे

**देश/परिवेश**

■ अनिल शर्मा



नेकपाको चुनाव खारेजी अभियानबाट प्रचण्ड समूह सबैभन्दा बढी चिढिएको छ । प्रचण्डको जनविरोधी चरित्र र राष्ट्रघातका विरुद्ध सबैभन्दा बढी प्रहार गर्न सक्ने पार्टी भनेको नेकपा हो । त्यसकै कारण प्रचण्ड समूह आक्रोशित छ । उता माकेका नेताहरू नेकपामा फर्कने क्रम तीव्र भएको छ । मङ्गलबार मात्र रुकुमका स्थापित नेता तथा उक्त पार्टीका पीबीएम अटल नेकपामा प्रवेश गरेका छन् । यसै साताभित्र अरू दर्जन केन्द्रीय सदस्य नेकपामा प्रवेश गर्दैछन् । नेकपाका केन्द्रीय सदस्य क. प्रताप भन्छन्, "मलाई पीबीएम होस् भन्थे । केन्द्रीय सदस्य त पक्कै हुँ ।" उनलाई आफू कुन पदमा छु भन्ने राम्रो भेउ नै छैन । कतिपय माके प्रवेश गरेका नेताहरू 'हामी माकेमा गएर फसियो । तपाईंहरू नआउनुहोला' भन्ने गर्छन् । प्रचण्डका बालसखा मोती भन्छन्, "मान्छे छन्, समिति छैन । बैठक बस्दैन । निर्णय हुन्न । प्रवेशीप्रति दोस्रो दर्जाको व्यवहार हुन्छ । मन त क्रान्तितिरै छ ।"

दिल्लीको निर्देशनमा यसपटक माके र काङ्ग्रेसका बीचमा चुनावी तालमेल हुने निश्चित भएको छ । त्यसबाट प्रचण्डको वास्तविक राष्ट्रघाती र दलाल प्रवृत्ति उदाङ्गो हुने भएको छ । स्ववियु निर्वाचनमा नै त्यसको छनक मिलेको थियो ।

मधेसकेन्द्रित दलहरूमध्ये राजेन्द्र महतो गठबन्धन चुनाव र सरकारी गठबन्धनप्रति नरम देखिएको छ । उपेन्द्र यादवपक्षीय गठबन्धन लाज छोप्ने उपायको खोजीमा छ । भारतको पछिल्लो निर्वाचन परिणामपछि भारतमा अर्को निर्वाचनमा पनि भाजपा नै आउने अड्कलबाजी गरिँदैछ । अबको ७ वर्ष भाजपाको विरोधमा उत्रेर पार्टी थेग्न सकिन्न कि भन्ने बहस नेकपा (एमाले) भित्र चलिसकेको छ । त्यसकारण ओलीमा नरमी गन्ध आउन थालेको देखिन्छ । त्यसका लागि नेपाल समूहले दबाब दिइरहेको चर्चा छ । दिल्लीको दबाबमा एमालेलाई विभाजित गर्ने प्रयास भैरहेको चर्चा भैरहेको बेला अघिल्लो सोमबार एमाले अध्यक्ष केपी ओलीले पार्टी फुटाउन पैसाको खेल भैरहेको गुनासो गरेका छन् । त्यसरी सरकारका विरुद्ध भैरहेको विरोध र असन्तुष्टिको कुनै वर्गीय आधार नभएको तथा कुर्सी स्वार्थमा निहित भएका कारण विरोधको स्वर धेरै दिन कायम रहन सक्दैन । उनीहरू चुनावको विपक्षमा रहनुपर्ने कुनै उचित कारण पनि छैन । तसर्थ संसद्वादी र गैरसंसद्वादी दुईवटा पार्टी वा धारा मात्र अस्तित्वमा छन् । जो निर्वाचनमा जाँदैन उसको अस्तित्व धरापमा पर्नु निश्चित छ । किनकि उनीहरूसँग क्रान्तिकारी विकल्प छैन ।

तत्कालीन नेकपा (माओवादी) र हाल विप्लवको नेतृत्वको नेकपाले प्रचण्ड-बाबुरामको जनघात, राष्ट्रघातका विरुद्ध विद्रोह गर्दै आयो । संसदीय व्यवस्था र प्रतिक्रान्तिलाई गाउँ तहसम्म पुऱ्याउन भएको चुनावमा भाग लिनु भनेको संसद्वादको कारिन्दा बन्नु हुन्थ्यो । त्यसकारण नेकपाले संसदीय चुनाव खारेज गर्ने निर्णय गरेको हो । विप्लव नेतृत्वको नेकपा घोषित स्थानीय तहको निर्वाचनलाई सम्पूर्ण र अन्तिम शक्ति प्रयोग गर्दैन तर वैचारिक, राजनीतिक र भौतिक रूपले त्यसलाई एउटा वर्ग र सोचाइको मात्र प्रतिनिधित्व गर्ने चुनावका रूपमा खुम्च्याउन चाहन्छ । उसले चुनावलाई सम्पूर्ण जनताको चाहना नभएर संसदीय व्यवस्थाको सामान्य प्रक्रियाका रूपमा कैद गर्न चाहेको छ । प्रचण्ड-बाबुराममण्डलीले आत्मसमर्पण गरेको र जनयुद्धका अर्का नेता किरण संसदीय चुनावमा लहसिएको समयमा नेकपाले आफूलाई गैरसंसदीय क्रान्तिकारी धाराका रूपमा स्थापित गर्नेछ । पुरानो संसदीय सत्तालाई निषेध गर्दै जानेछ । समानान्तर चुनाव र जनसत्ता निर्माण गर्दै जानेछ ।

प्रचण्ड-देउवा गठबन्धन सरकारले भने नेकपाको यथार्थ योजना र रणनीतिभन्दा बढी आँकलन गरेको देखिन्छ । उसमा नेकपाको न्यूनतम सूचना तथा रणनीतिबाट अनभिज्ञता र त्रास पैदा भएको देखिन्छ । यसका कारण अनावश्यक पक्राउ, थुनछेक र हर्कत देखाइरहेको छ । "सरकारले चुनाव खारेजलाई भयङ्कर चुनौती ठानेको छ । प्रधानमन्त्री र गृहमन्त्रीका बीचमा बोलचाल छैन", प्रधानमन्त्रीका एकजना

... बाँकी पृष्ठ ७ मा

## सम्पादकीय

# दाहाल सरकारको फासिवादी हर्कत

पुष्पकमल दाहाल सरकार फासिवादी बन्दै गएको छ। रातो खबर साप्ताहिक, ईरातो खबर डट कम र यसका सञ्चालक पत्रकारमाथि निगरानी राख्ने, धम्क्याउने, तनाव दिने, हस्तक्षेप गर्नेजस्ता निन्दनीय र नेपाल कम्युनिस्ट पार्टीसँग सम्बन्धित तथा संसदीय चुनावविरोधी समाचार प्रसारण नगर्न धम्की दिने काम गरेर दाहाल सरकारले आफूलाई फासिवादको असली नेतृत्वकर्ता साबित गरेको छ। हामी यसप्रकारका अलोकतान्त्रिक र जघन्य किसिमका क्रियाकलापको निन्दा एवम् भर्त्सना गर्छौं र यस किसिमका क्रियाकलाप तत्काल बन्द गर्न सुझाव दिन्छौं।

सञ्चारमाध्यम आवाजविहीनहरूको आवाज हो। यतिबेला आम उत्पीडित र श्रमिक जनता संसदीय व्यवस्थाको ज्यादतीबाट वाक्कदिक्क र आक्रोशित छन्। यतिबेला आमजनताको आवाज बोक्ने कर्तव्य हाम्रो हो। हामी यतिबेला जनताको दुःखको साथी बनेका छौं र बनिरहनेछौं। फासिवादी सत्ताले हिजो जनयुद्धकालमा पनि जनादेशलगायत जनपक्षीय सञ्चारमाध्यममाथि हस्तक्षेप गरेकै हो। जनादेशमाथि तत्कालीन फासिवादी सत्ताले निर्लज्ज आक्रमण गर्दा पत्रकारहरूले बेपत्ता बन्नुपरेको र जेल सजाय काट्नुपरेको तीतो सत्य हाम्रो अनुभूति र मानसपटलमा ताजै छ। त्यतिबेला पनि जनताको असली साथी यिनै जनपक्षीय सञ्चारमाध्यम बनेका थिए। यस्ता सञ्चारमाध्यमले नै देश र जनताको, राष्ट्रियता, जनतन्त्र र जनजीविकाको असली प्रतिनिधित्व गर्छन्। चाहे पुष्पकमल दाहाल होऊन् वा देउवा-ज्ञानेन्द्रहरू होऊन्, उनीहरूले गर्ने भनेको जनताको आवाज बन्द गर्ने दुष्प्रयास नै हो। हामी यस किसिमका फासिवादी हर्कतहरूबाट तर्सिने र दलाल संसद्वादलाई लोकतन्त्र वा जनतन्त्र भनेर अन्धकार कालरात्रीलाई दिन वा उज्यालो भन्दै देश, जनता र मुक्तिकामी वर्गलाई ढाँट्ने पक्षमा छैन। सत्यलाई सत्य भनेकै आरोपमा इतिहासदेखि आजसम्म कलमवीरहरूले बलिदानसम्म रोजेका छन्। सत्य र निष्ठामा प्रतिबद्ध रहेकाहरू बरु गौरवशाली मृत्यु, यातना र हिरासत-जेल रोज्छन्, दासहरूको पनि दासता स्वीकार्दैनन्। हिजो एकपटक विद्रोह र युद्धको नेतृत्व गरिसकेका पुष्पकमल दाहालहरूको मस्तिष्कका कुनाकन्तरमा यी विषय कतै लुकेर बसेको हुनुपर्छ।

दाहाल-देउवा सरकारले जनपक्षीय सञ्चारमाध्यम मात्र होइन, नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीयदेखि स्थानीय स्तरका नेता-कार्यकर्ताहरूलाई पनि देशव्यापी गिरफ्तार गरी झूट्टा मुद्दा लगाएर र राज्यआतङ्क उत्पन्न गरेर पनि अन्ततः आफू फासिवादी भएको प्रमाणित गरेको छ।

यतिबेला दाहाल-देउवा गठबन्धन सरकारले नेपाल कम्युनिस्ट पार्टीका नेता, कार्यकर्ता, समर्थक र शुभचिन्तकसम्मलाई देख्नासाथ समातेर थुन्न, यातना दिन, राज्यविरुद्ध अभियोग लगाउन र मुद्दा चलाउन आदेश दिएको छ। उसले आदेश मात्रै दिएको छैन, नेकपाका केन्द्रीय सदस्य एवम् जनकपुर ब्युरो इन्चार्ज सन्देश पौडेल, वैकल्पिक केन्द्रीय सदस्य नारायण महर्जनलगायत सयौं नेता र कार्यकर्तालाई देशभरबाट गिरफ्तार गरी गैरकानुनी ढङ्गले थुनामा राखेको छ। कम्युनिस्ट र माओवादीका नाममा पुष्पकमल दाहाल सरकारले गरेको यो प्रतिगामी हर्कत अक्षम्य छ। हामी रातो खबर र यसका प्रकाशन/प्रसारणका साथै यसमा संलग्न/आबद्ध सदस्यहरूमाथि दाहाल सरकारले बढाएको निगरानी, दिएको मानसिक तनाव, प्रकाशन/प्रसारणमा पुऱ्याएको बाधा र राजनीतिक पार्टीको सङ्गठन गर्न, आन्दोलन गर्न र विद्रोह गर्न पाउने अधिकारलाई कुल्चिने हर्कतको निन्दा र भर्त्सना गर्छौं। यसप्रकारका फासिवादी गतिविधि तत्काल बन्द गर्न सुझाव पनि दिन्छौं।

नेपालका मात्र होइन, संसारकै प्रतिक्रियावादी शासकहरूले भिन्न मत राख्ने र आमूल परिवर्तन चाहने राजनीतिक पार्टी, विचारक, नेता, कार्यकर्तादेखि स्वतन्त्रता, समानता र न्यायका लागि लड्ने वर्गलाई सधैं आँखाको तारो बनाउँदै दुस्मनको व्यवहार गर्ने गरेको छ। सुब्बा कृष्णलाल अधिकारीले जहानियाँ शासकहरू मकैमा लाग्ने रातो र कालो टाउके कीरा र बेलायती (अङ्ग्रेजी) कुकुर भनेर ललकार गरेकोमा चन्द्रशमशेर राणाले जेलमै सडाएर मारेका थिए। त्यो नियति निर्भीक भएर कलम चलाएकोमा झन्डै एक सय वर्षपछि कृष्ण सेन 'इच्छुक' सम्मले पनि बेहोर्नुपऱ्यो। प्रतिक्रियावादी शासकहरू जहिले पनि अरूलाई आफ्नो भक्त, प्रशंसक र दास बनेको मात्र देख्न चाहन्छन् र त्यस्तै बनाउने प्रयत्न गर्छन्। राणा शासकहरूका भक्त बनेर कृष्णलालका विरुद्ध पोल लगाउने भोजराज काफ्लेदेखि कृष्ण सेन 'इच्छुक' को हत्या गराउन उनले रोजेको यात्रालाई सामाजिक फासिवाद भन्दै सत्तालाई उक्साउनेहरू र सहकर्मी कमजोर पात्रहरूलाई प्रयोग गरेर इच्छुकको हत्या गर्ने विक्रमसिंह थापा, अमरसिंह शाहहरूले शासन गरिरहेको समयमा दाहाल सरकारले क्रान्तिकारी कम्युनिस्ट पार्टी र यसलाई समर्थन गर्ने सञ्चारमाध्यम अनि नेता र कार्यकर्तालाई गिरफ्तार गर्नु, झूट्टा मुद्दा लगाउनु, यातना दिनुलाई अन्यथा मान्न मिल्दैन। एउटा प्रसिद्ध भनाइ छ, प्रतिक्रियावादी शासकहरू आफू नसिद्धिउन्जेल गल्ती दोहोऱ्याइरहन्छन्। सायद यो पाठ पुष्पकमल दाहाल र देउवाहरूले पनि सिकेका छन् र त्यही दोहोऱ्याइरहेकन छन्। अन्यथा यो चुनावलाई उपयोग गर्ने कि बहिष्कार गर्ने, यो व्यवस्था मान्ने कि नमान्ने जनता र भिन्न विचार राख्ने पार्टीको अधिकारको कुरा हो। भिन्न विचार राख्नेहरूलाई सिध्याउने गिरिजा, देउवा, ज्ञोन्द्र शाह र तिनका मतियारहरूको हालत अन्तिममा कस्तो भयो ? के यो कुरा दाहालले यति छिट्टै भुलिसकेका हुन् ? अन्यथा उनले नेपालको कम्युनिस्ट आन्दोलनका नकारात्मक पात्रहरू मनमोहन, केशरजंग रायमाझी, मदन भण्डारी, बाबुराम भट्टराईहरूलाई उछिन्दै किन नेकपामाथि दमन गरिरहेका छन् ? परिवर्तनका लागि हिजो सँगै लडेका कम्युनिस्ट पार्टीका नेता र कार्यकर्तालाई चुनावको बहाना बनाउँदै गिरफ्तार गर्नु एक किसिमले नेकपालाई अवैध घोषणा गरेर युद्धमा निम्त्याउनु हो भन्ने मत पनि सार्वजनिक भएका छन्। दाहाल सरकारले बेलैमा ध्यान पुऱ्याएर दमन रोकेन भने उसको नियति ज्ञानेन्द्रको भन्दा कत्ति फरक हुनेछैन। चेतना भया।

## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**



# संकटग्रस्त संसदवाद र क्रान्तिकारीहरुको कार्यभार

**समीर यात्री**

यतिबेला राष्ट्रिय राजनीतिमा घटनाक्रमहरू तीव्र र आकस्मिक रूपले विकसित हुँदै गएका छन्। झट्ट हेर्दा अनपेक्षित लाग्ने यी घटनाक्रमहरूको विकास विद्यमान प्रतिक्रियावादी संसदीय व्यवस्थाभित्र चुलिँदै गएको सङ्कटकै परिणाम हो। यो सङ्कटभित्र साम्राज्यवादको असफल अभ्यासको सम्बन्ध पनि अन्तरनिहित रहेको छ। यो सङ्कटको सारतत्व निकै गम्भीर छ। रूपमा हेर्दा दलीय छिनाझप्टी वा केही नेताहरूबीचको कलहजस्तो देखिए पनि यसको अन्तर्यमा नेपाली समाजको आवश्यकता र त्यो आवश्यकता पूर्ति हुन नदिने विद्यमान प्रतिक्रियावादी सत्ता चरित्रबीचको अन्तरविरोध नै यो सङ्कटको कारकतत्व हो। यहाँनेर आज यो गम्भीर सङ्कटको सकारात्मक समाधान दिने ऐतिहासिक कार्यभार कम्युनिस्ट क्रान्तिकारीहरूको काँधमा आएको छ। यसप्रति गम्भीरतापूर्वक सोच्न र पहलकदमी लिनको निमित्त आफैँलाई तयार पार्न जरुरी छ।

### विषय प्रवेश

१) विद्यमान प्रतिक्रियावादी सत्ताको चरित्र
२) संसद्वादीहरूको तीव्र स्खलन र दलालीकरण
३) संसदीय व्यवस्थाको असफलता र सत्ता सङ्कट
४) समाधान : क्रान्तिको अपरिहार्यता
५) कार्यभार : एकीकृत जनक्रान्तिको कार्यदिशा

### विषय विस्तार

१) विद्यमान प्रतिक्रियावादी सत्ताको आधारभूत चरित्रमा कुनै परिवर्तन भएको छैन। हामीले हेर्ने मूल कुरा यहीँनेर हो। सत्ताको स्वरूपमा हेरफेर भएका छन्। अनुहारहरू फेरिएका छन्। कयौं संरचनाका नामहरू बदलिएका छन्। तर यसको प्रतिक्रियावादी, जनविरोधी र राष्ट्रघाती सारतत्व यथावत् नै छ। हामी कम्युनिस्ट क्रान्तिकारीहरूले ठीक ढङ्गले बुझ्ने र बुझाउनुपर्ने पहिलो कुरा यो हो।

नेपाली जनताले पटकपटक लामो र बलिदानीपूर्ण युद्ध-सङ्घर्ष गर्दै आएका छन। हरेक युद्ध-सङ्घर्षमा नेतृत्वको धोखा र गद्दारीका कारण जनताको आफ्नो सत्ता आफैं निर्माण गर्ने ऐतिहासिक अभिभारा पूरा हुन पाएको छैन। यसको कारण जनताको रक्तरञ्जित सङ्घर्ष धोकापूर्ण सम्झौतामा टुङ्गिने र पुरानै मानसिकताका नयाँ शासकहरू बेहोर्नुपर्ने अभिशप्त क्रम अझै रोकिएको छैन। यसले आज जनमानसमा ठूलो निराशा र भ्रम उत्पन्न गरिदिएको छ। एकातिर सबै उस्तै हुँदारहेछन भन्ने कुराले क्रान्तिप्रति नै अविश्वास र वितृष्णा भाव जगाइदिएको छ भने अर्कोतिर यही नै क्रान्ति रहेछ, यसैमा रमाउन सिक्नुपर्छ भन्ने खतरनाक विभ्रम पैदा गरिदिएको छ। जनमानसमा यी समस्याजन्य सोचाइहरू अकारण जन्मिएका होइनन्। यसको पछाडि वस्तुगत कारण छ। नेतृत्वको गद्दारी र जनताको आफ्नै भोगाइबाट सिर्जित पीडाका प्रतिबिम्ब हुन् यी भावहरू। यसलाई ठीक ढङ्गले चिर्दै र प्रशिक्षित गर्दै क्रान्तिको निमित्त जनतालाई तयार गर्ने कुरामा क्रान्तिकारीहरूले अथक रूपले मेहनत गर्नैपर्छ। यो आजको हाम्रो प्राथमिक महत्वको विषय बनेको छ। यसका साथै इतिहासबाट शिक्षा लिँदै हाम्रा विधि र विचार दुवै क्षेत्रमा विकास गर्न जरुरी छ।

यो प्रतिक्रियावादी सत्ताभित्र जनताको न्याय, मुक्ति र प्रगति सम्भव छैन। यसलाई जतिसुकै रङरोगन गरेर नयाँ देखाए पनि यसको आधारभूत चरित्र नबदलिएसम्म यो जनपक्षीय हुन सम्भव छैन भन्ने कुरा राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनापछि पनि जनताको हातमा सत्ता नआउनुले पुष्टि गरिसकेको छ। यो चरित्र बदल्नु भनेको प्रतिक्रियावादी सत्तालाई ध्वस्त पारी जनताको सत्ता अर्थात् वैज्ञानिक समाजवाद स्थापना गर्नु हो। यो प्रक्रिया हाम्रो सन्दर्भमा एकीकृत जनक्रान्तिद्वारा मात्र पूरा हुन सक्छ।

२) हामीले विगत लामो समयदेखि संसदीय व्यवस्थाको कहर बेहोर्दै आएका छौं। नेपालमा यसको प्रयोगबाट समेत यो असफल र अफापसिद्ध भइसकेको तथ्य जगजाहेर छ। जनयुद्धको दशकसम्म यो संसदीय लीलाका अधिकारी काङ्ग्रेस-एमाले थिए भने त्यसयता यो भूलभुलैयामा प्रचण्ड-बाबुरामनामक पात्रहरूसमेत सामेल छन्। हाम्रो जस्तो देशमा संसद्वादको अर्को नाम राजनीतिमा दलालीकरण हो, शासन पद्धतिमा दलालीकरण हो र अर्थनीतिमा दलालीकरण हो। सांस्कृतिक रूपमा भ्रष्टीकरण र स्खलन दलालीकरणको अर्को आयाम हो। दलालीकरणको मनोविज्ञानभित्र आत्मस्वाभिमानको मृत्यु भइसकेको हुन्छ। स्वाधीन होइन, पराधीन र पराश्रित चिन्तनको सिकार भइसकेको हुन्छ।

नेपालको राजनीतिमा बाह्य शक्ति हाबी हुनु, यहाँका आन्दोलनहरूमा सम्झौतादेखि सत्ता समीकरणसम्मको निर्णय दिल्लीद्वारा हुँदै आउनु दिल्लीका सामु संसद्वादी नेताहरू लम्पसार पर्नु, उसैको विश्वासपात्र बन्ने ध्याउन्नमा होडबाजी चल्नु, देशका राष्ट्रिय उद्योगधन्दा, नदीनाला सबै उसकै पाउमा चढाउनुजस्ता घोर राष्ट्रघाती-जनघाती हर्कतहरू संसद्वादी दलालहरूद्वारा हुँदै आएका छन्। पछिल्लो समय यो हर्कत अरू नाङ्गो र घिनलाग्दो रूपले प्रकट भइरहेको छ। यी सबै तथ्यहरू हेर्दा संसद्वादी दलालहरू नेपाललाई सिक्किमीकरण गर्ने भारतीय साम्राज्यवादी योजनाकै खेतालाका रूपमा क्रियाशील छन् भन्ने प्रस्ट देख्न सकिन्छ। यो दृश्य हाम्रो राष्ट्रिय स्वाधीनताको दृष्टिले निकै गम्भीर, खतरनाक र भयावह छ।

यो वास्तवमा सबै देशभक्तहरूका लागि साझा चिन्ताको विषय हो। अब राष्ट्रिय स्वाधीनता, अखण्डता र सार्वभौमिकताको रक्षाका निमित्त यो दलाल संसदीय व्यवस्थाको विकल्प खोज्न जरुरी भइसक्यो। त्यो विकल्प वैज्ञानिक समाजवाद नै हो। त्यसकारण यो संसद्वादी भुलभुलैयाबाट मुक्त हुँदै दलालीकरण र भ्रष्टीकरणको पर्याय बनेको यो संसदीय व्यवस्थाको खारेजी अभियानमा एकताबद्ध ढङ्गले अगाडि बढ्नुको विकल्प छैन। यो असफल व्यवस्था र यसका भ्रष्ट एवम् दलाल पात्रहरूबाट अब देश र जनताको भविष्य सुरक्षित हुन सक्तैन भन्ने तथ्यले पुष्टि गरेको सत्य यही हो।

३) हामीले महान् जनयुद्धको प्रक्रियामार्फत यो संसदीय व्यवस्थाको विकल्प दिने प्रयत्न गऱ्यौं। त्यस क्रममा केही

> प्रजातन्त्र वा लोकतन्त्रको डङ्का पिट्दै आएको यो संसद्वादको जहर हाम्रो राष्ट्र र जनताको निमित्त कति घातक रहेछ भन्ने कुरा यो व्यवस्थाको तीन दशकको अभ्याससबाट पुष्टि भइसकेको छ। आज यो नयाँ आवरणमा लोकतान्त्रिक गणतन्त्रको नामले सिँगारिएको छ। फरक के छ भने नेपालको राजनीतिक इतिहासका सबै खलनायकहरूलाई यसको रङ्गमञ्चमा नायक बनाएर प्रस्तुत गरिएको छ।

हदसम्म जनताले आफ्नै जनसत्ताको अभ्यास पनि गरे। यो प्रतिक्रियावादी संसदीय व्यवस्थाभित्र राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्या समाधान हुने भइदिएको भए नेपाली जनताले जनयुद्ध लड्नुपर्ने थिएन, जनआन्दोलन गर्नुपर्ने थिएन। नेपाली समाजको अन्तरविरोध यो दलाल सत्ताबाट समाधान हुने भइदिएको भए यो संसदीय अभ्यासको तीन दशकलाई नेपाल र नेपालीका लागि सुन्दर भविष्य निर्माणको स्वर्ण वर्षका रूपमा आज हामी मनाइरहेका हुने थियौं। यी तीन दशकको हाम्रो आफ्नै अभ्यासले यो असफल र अफापसिद्ध संसदीय व्यवस्थाको जनविरोधी र राष्ट्रविरोधी सारतत्वलाई पुष्टि गरिसकेको छ।

हमीले राष्ट्र र जनतालाई मुक्त गर्न जनयुद्ध सञ्चालन गऱ्यौं। जनयुद्धको नेतृत्व गरेका प्रचण्ड-बाबुरामहरू जनताका सपना र बलिदानमाथि लात मार्दै संसदीय सत्तासामु आत्मसमर्पण गरेर यसैको रक्षाकवचका रूपमा पतन हुन पुगेपछि आज स्थिति अरू जटिल र गम्भीर बन्न पुगेको छ। प्रचण्ड-बाबुरामको यो धोका, आत्मसमर्पण र गद्दारीले जनतामा भयङ्कर निराशा पैदा गरिदिएको छ भने अर्कोतिर क्रान्तिप्रति विश्वास जगाउने कुरामा चुनौती थपिदिएको छ। उनीहरूका पछिल्ला प्रतिक्रान्तिकारी र राष्ट्रघाती हर्कतहरू गणतन्त्रको आवरणमा दलाल संसदीय फासिवादको अभ्यासतिर उद्यत हुँदै देशलाई सिक्किमीकरण गर्ने भयानक षड्यन्त्रकै अभिन्न अङ्गका रूपमा प्रकट भइरहेका छन्।

नेपाललाई सिक्किमीकरण गर्ने भारतीय साम्राज्यवादी योजना विगत लामो समयदेखि जारी छ भन्ने कुरा अब कतै लुकेको छैन। दिल्लीको बाह्रबुँदे सहमतिलाई प्रस्थानबिन्दु बनाएर पछिल्लो समय भारतीय साम्राज्यवाद प्रचण्ड-बाबुरामरूपी घोडामा सवार छ। दिल्लीको दानापानीमा 'र' को खतरनाक मिसनभित्र यो घोडा काठमाडौंमा हिनहिनाइरहेको छ। यो घातक दृश्य कुनै मनोरञ्जनको विषय होइन, हामी सबै देशभक्त र स्वाभिमानी नेपालीहरूका लागि गम्भीर चिन्ता र सरोकारको विषय हो। अब यी घोडाहरूको खुट्टा भाँच्ने आँट नगरी राष्ट्र र जनताको रक्षा हुन सम्भव छैन भन्ने कुरा पुष्टि भइसक्यो।

भारतीय साम्राज्यवाद राज्यका सबै निकायमा प्रवेश गरिसकेको छ। कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका, सुरक्षा निकाय, सञ्चारजगत् सबैतिर कब्जा जमाउने योजनाअन्तर्गत क्रियाशील छ। न्यायपालिका र कार्यपालिकाबीचको द्वन्द्व, व्यवस्थापिका र कार्यपालिका वा न्यायपालिकाबीचको द्वन्द्व, कार्यपालिका र सेनाबीचको द्वन्द्व, प्रहरी र न्यायपालिका वा कार्यपालिकाबीचको द्वन्द्व, प्रेस र कार्यपालिका वा व्यवस्थापिकाबीचको द्वन्द्वजस्ता जीवन्त घटनाक्रमहरूले यसै कुराको पुष्टि गर्छन्। यहाँ सबै घटनाक्रमहरूमा राज्यका हरेक अङ्गहरूलाई दलालीकरण गर्ने वा आफ्नो प्रभावमा लिएर मिसन पूरा गर्ने भारतीय साम्राज्यवादको रणनीतिक उद्देश्य अन्तर्निहित छ। आईजीपी प्रकरणदेखि महाभियोग प्रकरणसम्मका परिघटनाहरू यसै उद्देश्यका प्रकट रूप हुन्। यी सबै परिघटनाहरूले यहाँका दलाल शासकहरूको निकम्मापन र प्रतिक्रियावादी दलाल संसदीय सत्ताको चरम सङ्कटलाई एकैसाथ अभिव्यक्त गरेका छन्।

४) यी सबै तथ्यहरूले क्रान्तिको अपरिहार्यतालाई पुष्टि गर्छन्। यस अर्थमा क्रान्ति हाम्रो वस्तुगत आवश्यकता बनिसक्यो किनकि राष्ट्र र जनताको भविष्य सुरक्षित गर्न दुनियाँमा क्रान्तिभन्दा अर्को कुनै उत्तम विकल्प छैन। अब हाम्रानिम्ति यो दलाल प्रतिक्रियावादी संसदीय सत्तालाई स्वीकार गर्ने र यसैको वरिपरि गोलचक्कर काट्ने कुरा भयानक आत्मघातभन्दा अरू केही हुन सक्तैन। यो सङ्कटग्रस्त संसद्वादको विकल्प संसद्वाद नै हुन सक्तैन। दुनियाँभर असफल भएर सङ्कटग्रस्त बनेको यो संसद्वाद यहाँका दलालहरूमार्फत नेपाली जनतामाथि षड्यन्त्रपूर्वक लादिएको छ। यसो गर्नुको मूल उद्देश्य हाम्रो राष्ट्रलाई सङ्कटको भुमरीमा हालेर असफल पार्नु, आर्थिक रूपमा टाट पल्टाई राष्ट्रिय उद्योगधन्दाहरू ध्वस्त पार्नु, राष्ट्रिय पुँजी कमजोर पारिदिएर दलाल पुँजीको निवेश बढाउँदै परनिर्भर र पराश्रित बनाउनु, राजनीतिक पार्टी र नेताहरूलाई खरिदबिक्रीका मालमा परिणत गरेर आफ्नो स्वार्थअनुकूल परिचालित गर्नु आदि रहेका छन्। साम्राज्यवादीहरू यी उद्देश्यमा धेरै हदसम्म सफल भइसकेका छन्। प्रजातन्त्र वा लोकतन्त्रको डङ्का पिट्दै आएको यो संसद्वादको जहर हाम्रो राष्ट्र र जनताको निमित्त कति घातक रहेछ भन्ने कुरा यो व्यवस्थाको तीन दशकको अभ्यासबाट पुष्टि भइसकेको छ। आज यो नयाँ आवरणमा लोकतान्त्रिक गणतन्त्रको नामले सिँगारिएको छ। फरक के छ भने नेपालको राजनीतिक इतिहासका सबै खलनायकहरूलाई यसको रङ्गमञ्चमा नायक बनाएर प्रस्तुत गरिएको छ।

५) यो भयावह सङ्कटबाट देश र जनतालाई जोगाउने कार्यभार आज क्रान्तिकारीहरूको काँधमा आएको छ। यो देशका सच्चा कम्युनिस्ट क्रान्तिकारीहरूले यो ऐतिहासिक कार्यभार पूरा गर्न नसक्ने हो भने देशको अस्तित्व नै समाप्त हुने खतरा सन्निकट छ। यो संवेदनशील घडीमा कम्युनिस्ट क्रान्तिकारीहरूले विवेक र धैर्यका साथ आफ्नो भूमिका र पहलकदमीलाई गुणात्मक रूपले नयाँ उचाइमा उठाउन जरुरी छ। यो कार्यभार भनेको राष्ट्र र जनताको मुक्ति अभियानलाई गन्तव्यमा पुऱ्याउने र आजसम्मको मानवजातिको सर्वोत्तम सभ्यता वैज्ञानिक समाजवाद निर्माण गर्ने हो। आज दुनियाँमा पुँजीवाद चरम सङ्कटको बीचबाट गुज्रिरहेको छ र यसले अल्पविकसित र अविकसित राष्ट्रहरूमाथि चरम शोषण-दोहन, उत्पीडन र लुट मच्चाएर आफ्नो अस्तित्व धानिरहेको छ। पुँजीवादको सङ्कटले थोपरेको युद्ध विभीषिकाले आज लाखौं मान्छेको ज्यान लिइरहेको छ। चरम भोकमरी, गरिबी, बेरोजगारी, हत्या र आत्महत्याका अमानवीय शृङ्खला यही पुँजीवादभित्रको सङ्कटकै उपज हुन्।

आजको यो बहुआयामिक सङ्कट समाधान गर्ने वैज्ञानिक बाटो एकीकृत जनक्रान्तिको बाटो हो। देशका मजदुर, किसान, विद्यार्थी, उद्योगी, व्यापारी, बुद्धिजीवी, कर्मचारी, सेना, प्रहरीलगायत सबै देशभक्त, परिवर्तनकामी र क्रान्तिकारी शक्तिहरूको एकीकृत ताकत र पहलकदमीद्वारा यो उद्देश्य हासिल गर्न सकिन्छ। हाम्रो देश र जनताको साझा दुस्मन साम्राज्यवादको इशारामा नाच्ने यहाँको दलाल पुँजीवाद नै हो। यो दलाल पुँजीवादको राजनीतिक प्रतिनिधि दलाल संसदीय व्यवस्था हो। यस अर्थमा सच्चा नेपालीहरू, सच्चा देशभक्तहरू, सच्चा वामपन्थीहरू, सच्चा कम्युनिस्टहरू, सच्चा गणतन्त्रवादीहरू, सच्चा राष्ट्रसेवकहरू सबैले संसदीय भुलभुलैयाको चक्रव्यूह तोड्दै स्वाधीनता, सार्वभौमिकता, न्याय, स्वतन्त्रता र समानताका लागि एकीकृत जनक्रान्तिको वरिपरि एकताबद्ध हुँदै अगाडि बढ्नुको विकल्प छैन।

# माओवादी केन्द्र दलाल पुँजीवादमा पतन भएको छ

(श्यामबहादुर बोहोरा 'अटल' २०२८ जेठ १६ मा रुकुमको रुघामा जन्मिएका हुन् । २०४४ सालदेखि अ.ने.रा.स्व.वि.यु.मा आवद्ध, हेमन्तप्रकाश ओली, लोकेन्द्र विष्ट, पहलबहादुर पुन, जीतबहादुर शाहहरुद्धारा प्रेरित भएर कम्युनिस्ट आन्दोलनमा सक्रिय भएका थिए । २०४६ मा अ.ने.रा.स्व.वि.यु.को रुकुम जिल्ला समिति सदस्य हुँदै २०४९ सालमा जिल्ला अध्यक्षसमेत भएका हुन् । २०४७ सालमा नेकपा (मशाल)को पार्टी सदस्यता जनार्दन शर्माबाट प्राप्त गरेका बोहोरा २०५० सालमा नेकपा (एकता केन्द्र) रुकुमको जिल्ला पार्टी सदस्य, २०५७ मा नेकपा (माओवादी) को क्षेत्रीय व्यूरो सदस्य, २०६८ मा केन्द्रीय सदस्य र २०७३ मा नेकपा (माके)का पोलिटव्यूरो सदस्यको जिम्मेवारीसमेत सम्हालिसकेका छन् । रुकुमका उनै लोकप्रिय नेता बोहरासँग **अम्बिका चन्द**ले लिएको अन्तर्वार्ताको सम्पादित अंश ।)



**श्यामबहादुर बोहरा 'अटल'**

» ***तपाईले माओवादी केन्द्रबाट विद्रोह गर्नुको कारण के हो ?***

पहिलो, माओवादी केन्द्रको नेतृत्व द्वन्द्वात्मक भौतिकवादी विश्व दृष्टिकोणबाट स्खलित भएर आदर्शवादी आचरणमा पतित भएको छ । जसको फलस्वरुप न सारसंग्रहवादी जस्तो न द्वैतवादी जस्तो बहुरंगी बनेको छ । मार्क्सका भाषामा भन्ने हो भने विवेकको अभाव नै ईश्वरको अस्तित्व हो । त्यो त्यही ईश्वरको अस्तित्वको खोजको यात्रातिर गएको छ । त्यसकारण त्यसले आफ्नो विचारधारात्मक र राजनैतिक कार्यदिशा परित्याग गर्दै करिब विजयको सन्निकट पुगिसकेको महान जनयुद्ध अपूर्व जनमुक्ति सेना  र ऐतिहासिक जनसत्ता विघटन र विसर्जन गर्‍यो । यो भयानक धोका र गद्दारी नै थियो । क्रमशः आज त्यो संसदीय दलाल पुँजीवादमा पतन भएको छ । त्यसबाट विद्रोह गर्नुको मेरो पहिलो कारण यही नै हो । दोश्रो, आर्थिक अपचलन, अपारदर्शीता, कमिसन, भ्रष्टाचार, लुट, तस्करी डरलाग्दो पराकाष्ठामा पुगेको छ । त्यो क्रम कहिल्यै रोकिने स्थिति छैन । सत्ता, शक्ति र सम्पत्तिको होडबाजी त्यसको जीवन मरणको प्रमुख विषय भएको छ । जति खाए पनि कहिल्यै धित नमर्ने दानवियताको राज चलेको छ । त्यो अन्तहिन चलिरहने छ, जबसम्म उनीहरुको जीवन रहने छ । यसबाट आजित भएर हार स्वीकार गर्दै मैले सम्बन्ध विच्छेद गरेको छु । तेश्रो, संगठनात्मक रुपले त्यहाँ कुनै प्रणाली छैन । पार्टीमा बढुवा हुन र राज्यअन्तर्गतका लाभका पद प्राप्त गर्न र प्रदान गर्न जहाँनिया खुनीतन्त्र हावी छ । त्यसपछि गुटवाद मडारिन्छ । नेता कार्यकर्ताको कुनै त्याग, लगन, निष्ठा, आदेश, मूल्य चाहिदैन । त्यसको कुनै स्थान नै छैन । हरेक प्रकारका विकृति विसंगति, भद्रगोल, अराजकता, बलमिचाईं ज्यादती आदिको प्रतिक बनेको छ माकेमा । मेरो विद्रोहको तेश्रो कारण यही हो । यस प्रकारका लोभी पापी पाखण्डी तस्कर भ्रष्ट, कमीसनखोर, उत्पीडनकारी व्यक्तिवादी महत्वकांक्षी वैदेशिक साम्राज्यवादका दलालहरुको नेतृत्व तहमा बलियो जमघट हुन गएको छ । अनि त्यहाँ किन र कसरी बसिरहने ?

» ***पार्टी चुनावको रमाईलोमा लागिरहेको बेला तपाई किन ध्रुवीकरणतिर लाग्नुभयो ?***

माथि नै भनिसकियो कि हामीले बुर्जुवा पुँजीवादी संसदीय व्यवस्थालाई फालेर नयाँ जनवादी राज्य व्यवस्थाको स्थापना गर्ने र वैज्ञानिक समाजवादमा पुग्ने उद्देश्य हासिल गर्न हतियार उठाएर जीवनमरणको लडाई लडेका थियौं । त्यत्रो बलिदान र सम्पत्तिको क्षति के यस्तै स्थितिका लागि थियो ? देशी विदेशी जनताका वर्ग वैरीका सामू आत्मसमर्पण गरेर जीवनको भिख माग्दै दलाल संसदीय व्यवस्थाको संकट गर्ने मनोगत धृष्टतामा माओवादी केन्द्र लागिरहेको छ । यो व्यवस्थाको चुनाव जुनसुकै तहको जतिसुकै पटक भएपनि यसले देश र जनताका समस्या कदापि समाधान गर्नै सक्दैन । त्यसैले म आमूल परिवर्तन गर्ने अठोट लिएको पार्टी नेकपामा ध्रुवीकृत भएको छु । यो कथित चुनावी मञ्चनले मलाई सगौरव ध्रुवीकरणमा सहभागी बन्ने एउटा अवसर प्रदान गरेको ठान्छु ।

» ***नेकपा मै ध्रुवीकरण गर्नुको कारण के हो ?***

समकालीन देशको राजनैतिक रंगमञ्चमा नेकपा नै विचारधारात्मक र राजनैतिक रुपले सुस्पष्ट क्रान्तिकारी भएकोले नेपाली क्रान्तिको अत्यन्त कष्टसाध्य गम्भीर महान र निर्विकल्प कार्यभार पूरा गर्ने सकल्पशक्ति यसैमा देखिएकोले म यसै पार्टीमा ध्रुवीकृत हुने निणर्यमा पुगेको हुँ ।

» ***माओवादी केन्द्रको कांग्रेससँग र एमालेको राप्रपासँग भएको अहिलेको गठबन्धनलाई कसरी हेर्नुभएको छ ?***

माओवादी केन्द्र र एमाले दुवै कम्युनिस्ट पार्टी नै होइनन्, उनीहरु सहोदर दुई भाई हुन् । एमाले र राप्रपाले राष्ट्रवादीको भ्रम दिने कोशिस गरेकाले उनीहरुको बीचमा तालमेल भएको होला । माओवादी केन्द्र र कांग्रेस सत्ताधारी भएकोले र उनका विदेशी प्रभु एउटै भएकाले उनीहरुका बीचमा तालमेल भएको होला । वास्तवमा यो सबै उनीहरुको भाषाको तालमेल होइन कि खिचडिको घालमेल भएको हो । यी सबै संसदवादी दलालहरु कुनै चरित्रहीन महिलाको गर्भबाट जन्मिएका वेश्याका सन्तान जस्तो हुन पुगेका छन् । यिनीहरुको गुटगत स्वार्थका लागि आपसी तालमेल जहाँ पनि जोसँग पनि हुने नै भयो । किनकि ती सबै प्रतिक्रियावादी यथास्थितिवादी नोकर हुन् । ती सह जातीय वा सहवर्गीय हुन् भन्ने कुरा यसै चुनावी तालमेलले सर्वसाधारणसमेत छर्लङ्ग भएका छन् । हाम्रा लागि भने त्यो कुनै अनौठो भएन ।

» ***तपाईले आफनो विज्ञप्तीमार्फत माओवादी केन्द्रलाई विभिन्न खालका आरोप लगाउनुभएको छ, ती आरोप सही हुन् भन्ने कुरा कसरी पुष्टी गर्नुहुन्छ?***

पुष्टि मैले मात्रै गर्ने त होइन कि उनीहरु आफैले गरिरहेका छन् । माथिका चारवटै प्रश्नको जवाफले पनि त्यही पुष्टि गरेका छन् । मैले जे आरोप लगाएको छु ती कुनै गाली होइनन् र कुनै पूर्वाग्रहले पनि ती आरोप लगाइएको होइन । कुनै आवेगले पनि लगाएको होइन । मैले त जे भोगें जे देखें त्यो सरासर भनेको मात्र हो । उनीहरु जे हुन् त्यही मात्र भनेको हुँ । त्यो सही हो या होइन, त्यसको अध्ययन वा तर्क पनि गर्नुहोस् न । त्यसको अध्ययन जनताले गरुन् र इतिहासले पनि त्यसको छानविन निर्मम ढंगले गर्नेछ । महान सहिदहरुको सपनामा गद्दारी भएको छ । जनताको त्यागमा धोका भएको छ र क्रान्तिप्रति गम्भीर विश्वासघात भएको छ ।

» ***वर्तमान राजनैतिक घटनाक्रमलाई कसरी हेर्नुभएको छ ?***

नेपालको वर्तमान राजनैतिक स्थिति अत्यन्तै संकटग्रस्त अवस्थाबाट गुज्रिरहेको छ । सर्वसाधारण जनताहरुको संसदीय राजनीतिप्रति घृणाभाव बढ्दै गएको पाइन्छ । संसदवादी राजनैतिक पार्टीहरुको साख गिर्दै गएको छ । राष्ट्रियता, जनतन्त्र, र जनजीविकाका समस्याहरु झन् पछि झन् विकराल बन्दै गइरहेका छन् । देशको राष्ट्रिय स्वाधिनता भयंकर खतरामा परेको छ । भारतीय नवउपनिवेश लादिएको छ । उसकै निर्देशनमा नेपालका सबै संसदवादी पार्टीहरु चलिरहेका छन् । त्यसकारण जनक्रान्तिका लागि अनुकूल अवस्था बन्दै गएको छ । नेकपाले अब के गर्ला ? भन्ने जनताको जिज्ञासा र केही गरे हुन्थ्यो भन्ने अपेक्षा र भरोसा बढ्दै गएको पाइन्छ । मलाई लाग्दछ नेकपाको काँधमा गहन ढंगको युगीन जिम्मेवारी आउँदै गरेको छ ।

» ***माकेभित्र तपाई जस्ता क्रान्तिकारीहरु छन् । उनीहरुलाई के भन्नुहुन्छ ?***

त्यसपार्टीको एउटा तप्का लुट, घुस, भ्रष्टाचार, तस्करी र दलालीको चरम सिमामा पुगेर पूरै पतन भएता पनि बहुसंख्यक इमानदार र निष्ठावान कमरेडहरुको बाँच्ने आधार अत्यन्तै  कमजोर बनेको छ । जसको फलस्वरुप उनीहरु उराठ र उदास लाग्दो जीवन जिउन विवस छन् । उनीहरुले आफ्नो गुजाराको लागि कित तिनै पतित नेताहरुको चाकडि गर्नुपर्ने छ आफ्नो स्वाभिमानलाई दाउमा राखेर कित त्यसका विरुद्ध विद्रोह गर्नुपर्ने छ । कतिपयले तत्काल कुनै विकल्प देखिरहेका छैनन् । कतिपयले विकल्प खोज्दैछन् । यहाँबाट हामीले उत्तम विकल्प दिन सकेका दिन त्यो सुन्निएर मोटो जस्तो देखिएको लुटेराहरुको प्रा.लि.मा पहिरो जान शुरु गर्ने निश्चित नै छ । देश र जनताको भाग्य र भविष्य खतरामा पर्न नदिन र त्यसलाई बदल्ने संकल्पसहितको आधारभूत रुपरेखा हामीले दिनुछ । अनि त्यो माके नामको पाखण्डी गिरोहको दुर्दशा के हुन्छ ? समयले शानदार ढंगले देखाइ दिनेछ । त्यसकारण म त्यहाँका क्रान्तिकारी मित्रहरुलाई गम्भीर ढंगले  आत्मसमीक्षा गर्दै क्रान्तिकारी धारमा लामबद्ध हुन विशेष आग्रह गर्न चाहन्छु । मालोमावाद रोज्ने कि संशोधनवाद ? परिर्वतन रोज्ने कि यथास्थिति ? स्वाभिमान रोज्ने कि दासता ? आज यिनै प्रश्नहरु प्रखर रुपले अगाडि आएका छन् । त्यहाँभित्र रहेका इमान्दार क्रान्तिकारीहरुले निष्कर्षमा पुग्नु नै पर्नेछ । समयमै विचार गरेर अगाडि बढ्दा उहाँहरुको भलो हुनेछ ।

» ***रातो खबर साप्ताहिक मार्फत केही भन्नु छ कि ?***

यस पत्रिकाले देशको स्वाधिनता, समुन्नती र मुक्ति जनताको शान्ति समृद्धि, स्वन्त्रता र समानता प्राप्तीका लागि एउटा शसक्त र धारिलो वैचारिक अस्त्रको भण्डारगृहको रुपमा आफनो ऐतिहासिक जिम्मेवारी पूरा गर्न संकल्प गर्दै शहरका गल्ली गल्ली र जनताका झुपडी झुपडीसम्म चेतनाको उज्यालो चमक प्रदान गरिनै रहोस् । राष्ट्रघाती दलालहरु र जनविरोधी गद्दारहरुको तिव्र भण्डाफोर गरिनै रहोस् । यस अर्थमा म यस पत्रिकाको सफलताको कामना गर्दछु ।

# नेकपा (क्रान्तिकारी माओवादी) पार्टीको बिउ जोगाएर आत्मरति लिने अवस्थामा पुग्यो



*खम्बु चन्द (समीर यात्री) २०३१ भदौ २४ गते सानोभेरी, मेघा (साविक गरायला-६) रुकुममा जन्मिएका हुन्) २०४५ सालमा अ.ने.रा.स्व.वि.यू.मा आबद्ध भई २०४९ मा वाईसिएल हुँदै सोही वर्ष तत्कालीन नेकपा (एकताकेन्द्र)को पार्टी सदस्य भएका हुन् । २०५२ सालमा जनयुद्धको शुरुवातसँगै पार्टीमा सक्रिय र भूमिगत भएका उनी निरन्तर जनयुद्धकै प्रक्रियामा सामेल हुँदै शान्ति प्रक्रियापछि माओवादी पार्टी विभाजन हुँदा किरणसँगै अहिलेसम्म रहेको र हालसम्म वैद्य माओवादीको राज्य समिति सचिवालय सदस्य रहेका चन्दले पार्टी सदस्यता हेमन्तप्रकाश ओली 'सुदर्शन'बाट प्राप्त गर्नुभएको हो । उनै चन्दसँग अम्बिका चन्दले गर्नुभएको कुराकानीको सम्पादित अंश)*

» ***तपाईले क्रान्तिकारी माओवादीबाट विद्रोह गर्नुको कारण के हो ?***

दुई वटा कारण छन, पहिलो क्रान्तिकारी ध्रुवीकरण आजको वस्तुगत आवश्यकता बन्न पुगेको छ । किनकि क्रान्तिकारीहरु छरिएर आ-आफनै साँघुरो घेराभित्र रुमल्लिने अवस्थालाई चिरेर अगाडि बढनु पर्दछ, भन्ने मेरो बुझाइ हो । त्यसअनुसार पहिले त नेकपा (क्रान्तिकारी माओवादी)ले नै त्यो भूमिकामा पहलकदमी लेओस् भन्नेतिर प्रयत्न गरियो । तर बैद्य कमरेडहरुमा त्यो सिर्जनशिलता, आँट र नेतृत्व क्षमता कतै पनि देखिएन । त्यसप्रतिको गम्भिरता देखिनुको साटो केवल पार्टीको बिउ जोगाएर दिन काट्ने अनि त्यही नै क्रान्तिकारी भएको आत्मरतिमा रमाउने अवस्था देखा पर्‍यो । दोश्रो, कार्यदिशामा विकास गर्नुपर्दछ र पार्टी गतिशील जुझारु बनाउनेतिर ध्यान दिदै युवा भर्तीमा विशेष जोड दिदै युवा नेतृत्व विकासलाई प्राथमिक सुचिमा राखेर अगाडि नबढी पार्टीले गति पक्रन सक्दैन भन्ने मेरो बुझाइ हो । जोश जाँगर मरेको उर्जा विहिन पार्टीले क्रान्तिको नेतृत्व गर्न सम्भव हुँदैन । यी विषयहरुको सुनुवाई हुनुको सट्टा पार्टीलाई बैचारिक रुपले दिशाविहिन र सांगठनिक रुपले गतिहिन बनाई बृद्धाश्रम जस्तो बनाइयो । यो अवस्थामा हामी जस्ता युवा क्रान्तिकारीहरु यस्तो दिन काट्ने काममा अन्यौलग्रस्त बन्दै बसिरहनु जीवनको बर्वादी मात्र हो भन्ने निष्कर्षका साथ विद्रोह गरेको हुँ ।

» ***पार्टी चुनावको रमाइलोमा लागिरहेको बेला तपाई किन धुव्रीकरणमा लाग्नु भयो ?***

हो, यो स्थानीय निकायको संसदवादी चुनावको क्रान्तिकारी उपयोग भन्दै बैद्य कमरेडहरु निर्लज्ज रुपले सहभागी हुनु भएको छ । यसमा मेरो गम्भीर असहमति हो । मैले यस सम्वन्धी असहमति पत्र दर्ज गरेको पनि छु । वास्तवमा उहाँहरुले यो चुनाव सम्बन्धी सही कार्यनीति अपनाउनु भएन भन्ने मेरो बुझाइ हो ।

प्रतिक्रियावादी सत्ताभित्र हुने चुनावको मामला क्रान्तिकारीहरुको निम्ति एउटा कार्यनीतिक प्रश्न मात्र हो । त्यसलाई ठोस परिस्थितिको ठोस विश्लेषण गरी क्रान्तिको हितमा उपयोग वा बहिष्कार सम्बन्धी उपयुक्त निर्णय लिने हो । यस आधारमा हेर्दा आजको विशिष्ट र संवेदनशिल परिस्थितिमा यो चुनाव उपयोग होइन, बहिष्कार नै क्रान्तिको हितमा हुन सक्छ ।

कुनै पनि कार्यनीति क्रान्तिकारीहरुका लागि लेनिनले दुई वटा शर्त अघि सार्नुभएको छ, पहिलो, कार्यनीति तत्कालीन वस्तुस्थितिमा आधारित भएको हुनुपर्दछ, दोश्रो रणनीतिको सेवा गरेको हुनुपर्दछ । यतिबेला यो चुनावी प्रक्रिया मार्फत् प्रतिक्रियावादी संसदीय सत्तालाई सुदृढ गर्ने र जनतामाथि दलाल संसदीय फासीवाद थोपर्ने भयानक षड्यन्त्र अगाडि बढाइएको छ । यो प्रतिक्रियावादीहरुको रणनीति हो । यसका विरुद्ध क्रान्तिकारीहरुले जनतालाई अपिल गर्दै क्रींन्तिकारी विकल्प प्रस्तुत गर्नु अनिवार्य छ । यो जनता र कम्युनिस्ट क्रान्तिकारीहरुको  रणनीति हो । यी दुई विपरित रणनीति आमने सामने टकराइरहेको यो विशिष्ट घडिमा क्रान्तिकारीहरुको निम्ति चुनाव उपयोग विल्कुल गलत र निरर्थक कुरा हो । यसले वैद्य कमरेडहरुलाई अकल्पनीय क्षति पुर्‍याउने निश्चित छ । यस सम्बन्धी सही कार्यनीति नेकपाले अपनाएको छ भन्ने मेरो बुझाइ हो ।

» ***नेकपा मै ध्रुवीकरण गर्नुको कारण के हो ?***

आज यसको विशिष्ट अर्थ छ । नेकपामा ध्रुवीकरण हुनुको खास कारण छ । पहिलो, जनयुद्धको विसर्जनसँगै माओवादी आन्दोलन विभाजित भयो । संगठनात्मक रुपले यो विभाजन जस्ताको तस्तै एकीकरणमा परिणत हुने सम्भावना हामीकहाँ छैन । परिस्थितिको विकाससँगै प्रवृत्तिगत ध्रुविकरण हुँदै जाने हो । यसको सुरुवात भएको छ । क्रान्तिका सपना पूरा नभएको र नेपाली समाजले क्रान्तिकारी विकल्प खोजिरहेको यो अवस्थामा विकल्प दिन सक्ने भरोसिलो पार्टीले नै ध्रुवीकरणलाई नेतृत्व प्रदान गर्न सक्तछ । दोश्रो, माओवादी विरासत भन्दा बाहिर पनि इमान्दार कम्युनिस्ट क्रान्तिकारीहरु छन् र, तिनीहरुभित्र पनि क्रान्तिकारी ध्रुवीकरणको आवश्यकताबोध भएको प्रतित हुन्छ । वास्तवमा क्रान्तिकारीहरुको साझा कार्यभारको विषय हो । परिस्थितिको चाप र राष्ट्रमाथिको गम्भीर संकटले सबैलाई यो बोध गर्ने ठाउँमा पुर्‍याउँदैछ । आज क्रान्तिकारी ध्रुवीकरण तीव्र बन्नुको पछाडिको मूल कारण यही नै हो ।

» ***माओवादी केन्द्रको काग्रेससँग र एमालेको राप्रपासँग भएको गठबन्धनलाई कसरी हेर्नुभएको छ ?***

यो पनि एउटा ध्रुवीकरण नै हो, प्रतिक्रान्तिकारी ध्रुवीकरण । सांगठनिक रुपमा व्यक्त नभएको राजनीतिक र प्रवृत्तिगत ध्रुवीकरण हो । यसलाई राजनीतिक भाषामा भन्नुपर्दा कांग्रेस-माओवादी केन्द्रको भारतीय साम्राज्यवाद परस्त चिन्तन र एमाले-राप्रपाको सामन्तवाद परस्त चिन्तन नै यो गठबन्धनको मूल वैचारिक आधार हो । तर दुवैको वैचारिक आधार दलाल पुँजीवाद नै हो ।

» ***वर्तमान राजनैतिक घटनाक्रमलाई कसरी हेर्नु भएको छ ?***

वर्तमान राजनैतिक घटनाक्रमबारे अगाडि नै केही कुरा आइसकेको छ । आज देश सिक्किमिकरण र दलाल संसदीय फाँसिवादका भयानक खतरातिर धकेलिदै छ । प्रचण्ड

... बाँकी पृष्ठ ७ मा

# अक्टोबर क्रान्तिको शतवार्षिकी कार्यक्रम र विश्व समाजवादी आन्दोलन



*(२०७४ वैशाख ९ गते लेनिन जयन्तीको उपलक्ष्यमा आयोजित संयुक्त अन्तरक्रिया कार्यक्रममा नेकपा(मसाल)का महामन्त्री क. मोहनविक्रम सिंहद्वारा प्रस्तुत अवधारणा-पत्र)*

अहिले हामीले एक वर्षसम्म नै रूसको अक्टोबर समाजवादी क्रान्तिको शतवार्षिकी कार्यक्रम मनाउँदै छौँ । त्यो शतवार्षिकी कार्यक्रमको सैद्धान्तिक, ऐतिहासिक र राजनीतिक दृष्टिकोणले पनि ठूलो महत्व छ। अक्टोबर क्रान्तिपछि नै रूसमा समाजवादी व्यवस्थाको स्थापना भयो र विश्व समाजवादी व्यवस्थाको नै निर्माण भयो। मार्क्सले समाजवादी व्यवस्थाको जुन सैद्धान्तिक व्याख्या प्रस्तुत गरेका थिए, त्यसलाई लेनिन, स्तालिन र माओको नेतृत्वमा व्यवहारिक रूप दिने काम गरियो।

मार्क्सवादी-लेनिनवादी सिद्धान्तले बारम्बार यो कुरा स्पष्ट गर्दै आएको छ कि, क्रान्ति सीधा रेखामा अगाडि बढ्दैन र त्यो कैयौँ टेढामेढा बाटाहरूको बीचमा हुँदै अगाडि बढ्दछ। त्यो कुरा खालि समाजवादी क्रान्तिबारे मात्र सत्य होइन, अन्य सबै क्रान्तिहरूबारे पनि त्यो नियम लागू हुन्छ । संसारका विभिन्न देशहरूमा दास प्रथा, सामन्तवादका विरुद्धका सङ्घर्षहरू वा राष्ट्रिय मुक्ति आन्दोलनहरू पनि त्यसरी नै अगाडि बढ्ने गरेका थिए। इङ्ग्लाण्डको निरङ्कुश राजतन्त्रका विरुद्धको आन्दोलन वा फ्रान्सको गणतन्त्रको सङ्घर्ष कैयौँ विजय र पराजय वा क्रान्ति र प्रतिक्रान्तिका बीचमा हुँदै अगाडि बढेका थिए। त्यस प्रकारको पृष्ठभूमिमा नै हामीले रूसको समाजवादी क्रान्तिलाई पनि बुझ्नु पर्दछ।

अक्टोबर क्रान्तिले सोभियत सङ्घमा जुन समाजवादी व्यवस्थाको निर्माण गरेको थियो, अब त्यो छैन र त्यहाँ पूँजीवादको पुनर्स्थापना भइसकेको छ। तर त्यसको अर्थ अक्टोबर क्रान्तिको महत्व वा सान्दर्भिकता समाप्त भइसक्यो भन्ने होइन । त्यो इतिहासको विषय बनिसक्यो भन्ने पनि होइन। त्यसको महत्व अहिले पनि छ। त्यो महत्व ऐतिहासिक रूपमा मात्र छैन, वर्तमान समयमा पनि अक्टोबर क्रान्तिले समाजवादी आन्दोलनलाई अगाडि बढाउन विश्वभरमा महत्वपूर्ण भूमिका खेलिरहेको छ भने त्यसले विश्व समाजवादी क्रान्तिको उज्ज्वल भविष्यका लागि आधार तयार पार्ने कुरा पनि प्रष्ट छ।

कुनै बेला दास प्रथा, विश्वको एउटा शक्तिशाली व्यवस्था थियो। तर अब त्यसको अन्त मात्र भएको छैन, त्यसको कुनै भविष्य पनि छैन । तर अब ती इतिहासका विषय बनेका छन्। सामन्ती व्यवस्थाका केही अवशेषहरू अहिले पनि संसारका विभिन्न देशहरूमा पाइन्छन् । सामन्तवाद र राजतन्त्र कुनै बेला विश्वव्यापी व्यवस्था थिए। आज पनि कतिपय देशहरूमा सामन्ती व्यवस्था, अर्धसामन्ती व्यवस्था वा निरङ्कुश राजतन्त्र कायम छन् । कतिपय देशहरूमा, उदाहरणका लागि नेपालमा, त्यसको पुनर्स्थापनाका लागि प्रयत्न भइरहेका छन् । तर ती इतिहासको धाराका विरुद्धको व्यर्थको प्रयत्न हो। विश्व स्तरमा सामन्ती व्यवस्था वा राजतन्त्रको आधार समाप्त भइसकेको छ । त्यसैले अब तिनीहरूको कुनै भविष्य छैन । विश्व समाजवादी व्यवस्थाको पतन भएको कुरा सत्य हो । तर दास प्रथा र सामन्तवादी व्यवस्थाको विपरित समाजवादी व्यवस्थाको उज्ज्वल भविष्य छ।

कुनै बेला कुन प्रकारको सामाजिक संरचनाको निर्माण हुन्छ ? त्यो कुराको निर्धारण भौतिक परिस्थितिले नै गर्दछ । जुन प्रकारको भौतिक परिस्थितिमा दास प्रथाको निर्माण भयो, त्यस प्रकारको भौतिक आधार समाप्त भएपछि त्यसको त्यो सामाजिक संरचना पनि टिक्न सक्दैन। औद्योगिक विकासले सामन्ती व्यवस्थाको भौतिक आधारलाई कमजोर पार्दै लग्यो र त्यसको ठाउँ पूँजीवादले लिँदै गयो । दास प्रथाको भौतिक आधार समाप्त भइसक्यो र विश्वव्यापी रूपमा सामन्तवादको पनि भौतिक आधार धेरै कमजोर भएको छ। त्यसकारण भविष्यमा तिनीहरूको पुनर्स्थापनाको सम्भावना छैन । भौतिक परिस्थिति वा उत्पादक शक्तिहरूमा भएको परिवर्तनले खालि आर्थिक दृष्टिकोणले मात्र होइन, राजनीतिक, सामाजिक, सांस्कृतिक प्रकारले पनि सामन्ती व्यवस्थाको आधारलाई पनि कमजोर पार्दै लैजान्छ। त्यसैले सामन्तवादको पुनर्स्थापनाको कुनै सम्भावना छैन । तर त्यही कुरा समाजवादको विषयमा सत्य होइन । जुन प्रकारको भौतिक परिस्थितिमा समाजवादी आन्दोलनको विकास भयो, त्यो परिस्थिति अहिले पनि छ र त्यसको विश्वस्तरमा अरू विकास हुँदै गइरहेको छ। त्यस प्रकारको परिस्थितिले एकातिर पूँजीवादको अन्त हुने र अर्कोतिर विश्व समाजवादी क्रान्तिको विजय हुने कुरा निश्चित छ।

इतिहासमा पूँजीपति वर्गले २ वटा महत्वपूर्ण ऐतिहासिक भूमिका खेलेको छ : प्रथम, सामन्तवादको आधारलाई कमजोर पार्ने । द्वितीय, समाजवादको आधारलाई मजबुत पार्ने। पूँजीवादले आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक दृष्टिकोणले पनि सामन्तवादको आधारलाई कसरी ध्वस्त पार्‍यो ? त्यो आम रूपमा थाहा भएको कुरा हो। द्वितीय, पूँजीवादले समाजवादको आधारलाई मजबुत पार्दछ।

पूँजीवादको अस्तित्व नाफामाथि निर्भर गर्दछ । बढी नाफा कमाउन त्यसले आफ्नो उद्योगहरूलाई बढाउँदै लैजानुपर्छ । त्यसका लागि ठूलो पैमानामा उत्पादन गर्नुपर्दछ । त्यो क्रममा पूँजीपति वर्गले उत्पादनलाई सामाजिक रूप दिँदै जानुपर्छ । त्यसरी पूँजीवादभित्र गम्भीर प्रकारको अन्तर्विरोध पैदा हुन्छ। त्यो अन्तर्विरोध हो - उत्पादन वा उत्पादन शक्तिहरूको सामाजिक रूप र उत्पादनका साधनहरूमाथिको स्वामित्व वा त्यसबाट पैदा हुने फलको व्यक्तिगत प्रकारले उपयोग । यो कुरा ठीक त्यस्तै हुन्छ, जस्तो कि खोलामा सामूहिक रूपले माछा मारेपछि त्यसको ठूलो भागमाथि व्यक्तिगत रूपमा कब्जा जमाउनु। त्यो अन्तर्विरोधको समाधान खाली एउटै तरिकाले मात्र हुनसक्दछ। त्यो तरिका हो - उत्पादनका साधनहरूमाथि सामूहिक स्वामित्व र त्यसबाट प्राप्त हुने फलमाथि मेहनतकश जनताको सामूहिक अधिकार। त्यही समाजवाद हो।

त्यसरी पूँजीवादी कार्यप्रणालीले नै समाजवादको लागि आधार व्यापक पार्दै लैजान्छ। भूमण्लीकरणले उत्पादक शक्तिहरूको सामाजिकरणलाई अरू विश्वव्यापी रूप दिँदै लगिरहेको छ र त्यसको परिणामस्वरूप समाजवादको पनि विश्वव्यापी रूपमा भौतिक आधार तयार हुँदै गइरहेको छ । त्यसरी दास प्रथा, सामन्ती व्यवस्था र विश्व समाजवादी व्यवस्थाको पतनको प्रकृति एकै प्रकारको नभएको कुरा प्रष्ट छ । दासप्रथा वा सामन्ती व्यवस्थाको भौतिक आधार नै समाप्त भएको हुनाले अब तिनीहरूको कुनै भविष्य छैन । तर समाजवादको भौतिक आधार समाप्त नभएको मात्र होइन, त्यो अरू विकसित हुँदै गइरहेको छ। त्यसकारण त्यसको भविष्य उज्ज्वल भएको वा त्यसको विश्वव्यापी विजय अवश्यम्भावी भएको कुरा प्रष्ट छ।

यहाँ यो कुरा उल्लेखनीय छ कि विश्वव्यापी समाजवादी व्यवस्थाको पतन वा संसारका विभिन्न देशहरूका कम्युनिस्ट पार्टीहरूको पतनमा आन्तरिक कारणले पनि प्रमुख भूमिका खेल्ने गरेको छ । पूँजीवादका विरुद्ध बाहिर मात्र सङ्घर्ष गरेर पुग्दैन । छद्म रूपमा पूँजीवाद कम्युनिस्ट पार्टीभित्र पनि विद्यमान हुन्छ। त्यसको अर्थ दुश्मनका एजेन्ट वा सी.आई.डी.हरूले मात्र पार्टीमाथि आक्रमण गर्दछन् भन्ने होइन। कतिपय अवस्थामा त्यस्तो पनि हुन्छ। तर खतरा त्यो बेला कैयौँ गुणा बढी गम्भीर हुन्छ, जब इमान्दार र क्रान्तिकारी कम्युनिस्टहरूले पनि एक वा अर्को प्रकारले पूँजीवादको सेवा गर्न वा कम्युनिस्ट पार्टीको आधारलाई कमजोर पार्ने काम गर्न चाहन्छन् । त्यस प्रकारको कार्य उनीहरूले जानीजानी वा सचेतपूर्वक नै त्यसो गर्दछन् भन्ने होइन । उनीहरूको भित्रको पूँजीवादी वा निम्नपूँजीवादी प्रवृत्तिले उनीहरूलाई गैरकम्युनिस्ट वा गैर क्रान्तिकारी बाटोमा हिड्न बाध्य पार्दछ। प्रकट रूपमा उनीहरू इमान्दार र क्रान्तिकारी कम्युनिस्ट हुन्छन्, वास्तवमा उनीहरू त्यस्तो हुन्छन् पनि । तर उनीहरूभित्रको गैरक्रान्तिकारी वा गैरकम्युनिस्ट चरित्रले उनीहरूलाई क्रान्तिकारी दिशामा अगाडि बढ्न दिन्न। त्यो कारणले पनि पार्टीभित्र विभिन्न प्रकारका संशोधनवादी वा अवसरवादी प्रवृत्तिहरू पैदा हुन्छन्।

अर्को एउटा रूपमा पनि पूँजीवादले कम्युनिस्टहरूलाई भ्रष्ट पार्दै लैजान्छ। पूँजीवादको आधारशीला व्यक्तिगत स्वार्थ नै हो । त्यसको विपरीत कम्युनिस्ट दर्शनले समाजका सम्पूर्ण शोषित, उत्पीडित जनताको मुक्तिका लागि बढीभन्दा बढी त्याग र बलिदान गर्ने कुरामा जोड दिन्छ । तर निम्नपूँजीवादी प्रवृत्ति वा पूँजीवादको असरले कम्युनिस्टहरूलाई पनि झनपछि झन् व्यक्तिगत स्वार्थ उन्मुख बनाउँदै लैजान्छ । रूस र चीनको प्रतिक्रान्तिमा त्यस प्रकारको तत्वको प्रमुख भूमिका रह्यो । व्यक्तिगत स्वार्थले चीनमा समाजवादका अगाडि पैदा गरेको पतनलाई रोक्न नै चीनमा महान् सर्वहारा सांस्कृतिक क्रान्ति चलेको थियो। तर त्यो सांस्कृतिक क्रान्ति असफल भयो र त्यसको परिणाम स्वरूप त्यहाँ समाजवादी व्यवस्थाको पतन भयो।

पार्टीभित्र देखापर्ने त्यस प्रकारका गैरकम्युनिस्ट वा गैरक्रान्तिकारी प्रवृत्तिहरूबाट सम्भावित गम्भीर प्रकारको खतराप्रति ध्यान दिएर नै मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ विचारधाराका संस्थापकहरूले पार्टीभित्र देखापर्ने पूँजीवादी वा निम्नपूँजीवादी प्रवृत्तिहरूका विरुद्ध दृढतापूर्वक सैद्धान्तिक सङ्घर्ष गर्नुपर्ने आवश्यकतामा जोड दिँदै आएका थिए । तर कतिपय अवस्थामा पार्टीभित्र एकताबारे यान्त्रिक सोचाइ अपनाएर गलत प्रवृत्तिहरूसित पनि कृतिम प्रकारले सम्झौता गर्ने गरिन्छ। त्यसो गर्दा उपरी प्रकारले स्थिति सामान्य र शान्त देखिन्छ । तर भित्रदेखि नै आगो सल्किदै गइरेको हुन्छ। त्यो अवस्थामा या त पार्टीमा गम्भीर प्रकारका फुटहरूको स्थिति पैदा हुन्छ या त पार्टीले पूरै नै विभिन्न प्रकारका अवसरवाद, भड्काव वा पलायनको बाटो समात्छ।

कम्युनिस्ट पार्टी सही अर्थमा सच्चा क्रान्तिकारी कम्युनिस्ट पार्टी त्यो अवस्थामा नै हुन्छ जब त्यसले आधारभूत मार्क्सवादी-लेनिनवादी सिद्धान्तहरूलाई पथप्रदर्शक सिद्धान्तहरूका रूपमा अपनाउने काम गर्दछ, निश्चय नै विश्वको परिस्थिति वा कुनै देशको स्थितिमा हुने परिवर्तनको ठोस विश्लेषण गरेर पार्टीका नीति र कार्यक्रमहरूमा सिर्जनात्मक विकास पनि गर्नुपर्ने आवश्यकता हुन्छ । तर सिर्जनात्मक विकासको नाममा आधारभूत मार्क्सवादी-लेनिनवादी सिद्धान्तलाई नै परित्याग गर्ने प्रवृत्ति पनि विश्व कम्युनिस्ट आन्दोलनमा व्यापक रूपले पाइन्छ। त्यस प्रकारका आधारभूत सिद्धान्तहरूमा सर्वहारावर्गको अधिनायकत्व, वर्गसङ्घर्ष, सशस्त्र सङ्घर्षको अनिवार्यता आदि जस्ता सिद्धान्तहरू मुख्य रूपमा आउँछन्। सृजनात्मक विकासको नाममा विश्व स्तरमा र नेपालमा पनि आधारभूत मार्क्सवादी-लेनिनवादी सिद्धान्तहरूलाई मनोमानी प्रकारले परित्याग गर्ने प्रयत्नहरू बारम्बार हुने गरेका छन् । त्यस प्रकारको कार्यविधिले कम्युनिस्ट पार्टीलाई पतनको दिशामा लैजान्छ।

एकातिर हामीले कम्युनिस्ट आन्दोलनका क्रान्तिकारी सिद्धान्तहरूको रक्षाका लागि संधै प्रयत्न गर्नुपर्दछ भने अर्कोतिर कुनै खास अवस्थाको ठोस परिस्थितिको विश्लेषण गरेर तात्कालिक कार्यनीति निर्धारित गर्ने प्रश्नमा पनि अत्यन्त कुशल हुनुपर्दछ। त्यस अनुसार कतिपय अवस्थामा सैद्धान्तिक र रणनीतिक रूपले अपनाउने नीति वा कार्यक्रमभन्दा बेग्लै नीतिहरू पनि अपनाइरहेका हुन्छौँ वा अपनाउनुपर्दछ । उदाहरणका लागि सैद्धान्तिक र रणनीतिक रूपले हामीले संसदीय वा बहुदलीय प्रणालीलाई अस्वीकार गरिरहेका हुन्छौँ । तर कुनै बेलाको खास स्थिति र आवश्यकतानुसार कार्यनीतिक रूपमा तिनीहरूलाई अपनाउनुपर्ने आवश्यकता पनि हुन्छ । रणनीतिक रूपमा सशस्त्र सङ्घर्ष अनिवार्य भए पनि कार्यनीतिक रूपमा शान्तिपूर्ण आन्दोलनलाई पनि स्वीकार गर्नुपर्ने आवश्यकता हुन्छ । दुश्मन शक्तिहरूसित सङ्घर्ष नै प्रधान पक्ष हुन्छ। तर कतिपय अवस्थामा दुश्मन शक्तिहरूसित पनि कार्यगत एकता गर्नुपर्ने आवश्यकता हुन्छ । रणनीतिक रूपमा हामीले समाजवाद वा नयाँ जनवादी क्रान्तिमा जोड दिए पनि कतिपय अवस्थामा ती भन्दा तल्लो स्तरका पूँजीवादी प्रकारका कार्यक्रम वा सुधार कार्यक्रमहरूलाई पनि अपाउने गर्दछौँ।

कुनै खास बेलाको प्रस्तुतिको विश्लेषण गरेर तात्कालिक कार्यनीति अपनाउने बेलामा समाजवाद, सर्वहारावर्गको अधिनायकत्व, सशस्त्र सङ्घर्षको अनिवार्यता जस्ता आधारभूत सिद्धान्तहरूलाई छाड्ने र तिनीहरूको विषयमा प्रचारात्मक आन्दोलनलाई पनि परित्याग गर्ने गल्ति गर्नु हुन्न। यस सन्दर्भमा यो पनि उल्लेखनीय छ कि संसारमा कतिपय कम्युनिस्ट पार्टीहरूले मार्क्सवादमा सृजनात्मक विकासको नाममा खालि सर्वहारावर्गको अधिनायकत्व, सशस्त्र सङ्घर्षको अनिवार्यता जस्ता आधारभूत सिद्धान्तहरूलाई परित्याग गर्ने मात्र होइन, स्वयं मार्क्सवाद परित्याग गर्ने गरेका छन् । नेपालको कम्युनिस्ट आन्दोलनमा सृजनात्मक विकासको नाममा जनवादी क्रान्ति, माओत्सेतुङ विचारधारालाई परित्याग, सर्वहारा सांस्कृतिक क्रान्तिको विरोध गर्ने पनि गरिएको छ।

विश्व कम्युनिस्ट आन्दोलनमा द्वन्दात्मक भौतिकवादी चिन्तनको ... बाँकी पृष्ठ ७ मा

# सामाजिक सञ्जालमा रातोखबर

**Gunaraj Lohani**
22 hrs

प्रतिक्रियावादी हिजोका हुन् या आजका उनिहरूको चरित्र उस्तै हुन्छ, षडयन्त्र गर्ने, भ्रम छर्ने । हिजो जनादेश साप्ताहिकलाई "आतकंकारी" पत्र, गोलाबारूद अहिले रातोखबरलाई सञ्चार माध्यममा देखाउन थालेका छन् । केही पात्र मात्र फरक । हिजो ज्ञानेन्द्र, कमल थापा, शेरबहादुर, माधव, केपी आज पुष्पकमल नयाँ पात्र थपिएका छन् ।

Gunaraj Lohani, Ramesh Giri and 129 others — 3 Comments 6 Shares

Like Comment Share

**Prabhat Chalaune** with Ramdip Acharya and 17 others.
20 hrs

प्रहरीले रातो खबर साप्ताहिकको बागबजारस्थित कार्यालयमा घेरा हालेर आतंक सिर्जना गर्न खोजेको छ । साथै इरातोखबर अनलाईनका वेव डेभलपर चुडामणी श्रेष्ठको घरमा प्रहरीको एक टोली भ्यानसहित पुगेर उनी र उनको परिवारलाई मनोवैज्ञानिक त्रास देखाएको छ । उनीमाथि अनावश्यक सोधपुछ समेत गरेको छ । त्यसैगरी प्रहरीको टेकुस्थित सीआइबीका असई बताउने ध्रुब केसीले रातो खबर साप्ताहिकका निर्देशक तथा लेखक अनिल शर्मा विरहीलाई फोन गरेर तर्साउने प्रयास गरेका छन् । संविधानले प्रदान गरेका प्रेस स्वतन्त्रताको अधिकार माथि ठाडो हस्तक्षेप गरेर र पत्रकारहरुलाई समेत त्रास देखाएर प्रचण्ड सरकारले आफ्नो निरङ्कुश चरित्र देखाएको छ । कलमबाट त्रसित भएर प्रेसमाथि गरिएको ठाडो हस्तक्षेपप्रति कडा आपत्ती जनाउँदै प्रचण्ड सरकारले गरेको यो हर्कत तत्काल रोक्न माग गर्दछौ । साथै नेपालका सबै पत्रकार संघ संगठनलाई यो हस्तपक्षेपका विरुद्ध आवाज उठाउन आग्रह पनि गर्दछौ ।

126 — 45 Comments 20 Shares

**Diya Chand** with Imandar Kamal and 9 others.
19 hrs · Kathmandu

प्रचण्ड सरकारले संकटकालको झझल्को दिनेगरि एकपछि अर्को गतिविधि अगाडि बढादै गइरहेको छ । प्रहरीले रातो खबर साप्ताहिकको बागबजारस्थित कार्यालयमा घेरा हालेर आतंक सिर्जना गर्न खोजेको छ । साथै इरातोखबर अनलाईनका वेव डेभलपर चुडामणी श्रेष्ठको घरमा प्रहरीको एक टोली भ्यानसहित पुगेर उनी र उनको परिवारलाई मनोवैज्ञानिक त्रास देखाएको छ । उनीमाथि अनावश्यक सोधपुछ समेत गरेको छ । त्यसैगरी प्रहरीको टेकुस्थित सीआइबीका असई बताउने ध्रुब केसीले रातो खबर साप्ताहिकका निर्देशक तथा लेखक अनिल शर्मा विरहीलाई फोन गरेर तर्साउने प्रयास गरेका छन् । संविधानले प्रदान गरेको प्रेस स्वतन्त्रताको अधिकार माथि ठाडो हस्तक्षेप गरेर र पत्रकारहरुलाई समेत त्रास देखाएर प्रचण्ड सरकारले आफ्नो निरङ्कुश चरित्र देखाएको छ । कलमबाट त्रसित भएर प्रेसमाथि गरिएको ठाडो हस्तक्षेपप्रति कडा आपत्ती जनाउँदै प्रचण्ड सरकारले गरेको यो हर्कत तत्काल रोक्न माग गर्दछौ ।

१७. स्वतन्त्रताको हक : (१) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन ।

(२) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ :-

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,

(ख) बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,

(ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता,

(घ) संघ र संस्था खोल्ने स्वतन्त्रता,

(ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता,

(च) नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता ।

**Narayan Nepal**
20 hrs · samarpratik.com

कलमबाट त्रसित भएर प्रेसमाथि गरिएको ठाडो हस्तक्षेप




**प्रहरीद्वारा रातोखबर कार्यालय छापा , कलमबाट त्रसित भएर प्रेसमाथि गरिएको हस्तक्षेप सचिव चला**

काठमाण्डौ , प्रहरीद्वारा रातोखबर साप्ताहिकको कार्यालयमा छापा मारेको छ । साप्ताहिकको काठमाडौ बागबजारमा रहेको...

SAMARPRATIK.COM

Like Comment Share

You, चुडामणि श्रेष्ठ, Nabin Upadhyaya and 29 others

# एक पाटो एक बाटो : चीन र दक्षिण एशिया



हिरण्यलाल श्रेष्ठ

सन् २०१३ चिनियाँ राष्ट्रपति सी जिङ पिङले कजाकस्तान र इन्डोनेसिया भ्रमणका क्रममा एक्काईसौँ शताब्दीको सामूहिक रेसमी मार्ग र सडक रेसमी मार्ग घोषणा गरेका थिए। त्यसपछि नै चीनले व्यवस्थित रूपमा 'एक पाटो एक बाटो' प्रस्तावलाई अघि बढाइरहेको छ। चीनले कूटनीतिक पहलमार्फत एसिया, युरोप र अफ्रिका जोड्नेछ। यसमा जल र स्थल सडक सञ्जाल रहनेछ। 'एक पाटो एक बाटो' परियोजनाले करिब १ सयवटा देश अर्थात् विश्वका आधा देश र ७० प्रतिशत जनसङ्ख्यालाई एउटै मालामा उन्ने रणनीति छ। यो परियोजनाको औपचारिक सुरुआत 'एक पाटो एक बाटो' अन्तर्राष्ट्रिय संयोजन बैठक १४ मई २०१७' कार्यक्रमबाट हुनेछ।

'एक पाटो एक बाटो' परियोजना र दक्षिणएसिया 'एक पाटो एक बाटो' सडक सञ्जालको पहल विशेषगरी दक्षिणएसियाका लागि महत्वपूर्ण साबित हुनेछ। दक्षिणएसियाका ८ देशहरूमध्ये ५ वटा देशसँग चिनियाँ स्थल सीमा पर्दछ। यसमा आफगानिस्तान, पाकिस्तान, भुटान, नेपाल र भारत पर्छन्। बाँकी ३ वटा देश माल्दिभ्स, बङ्गलादेश र श्रीलङ्कासँग जलसीमाद्वारा रेसम मार्गमा जोडिन्छन्।

प्राचीन कालदेखि नै चीन र दक्षिणएसियाका बीचमा व्यापारिक तथा सांस्कृतिक अनुभव आदानप्रदान हुँदै आएको छ। यिनीहरू भौगोलिक, ऐतिहासिक दृष्टिले छिमेकी र आर्थिक दृष्टिले साझेदार हुन्। भौगोलिक, ऐतिहासिक र आर्थिक दृष्टिले यी देशहरूलाई एउटै परियोजनामा जोड्दा सबैको पकड सामुद्रिक मार्गमा पुग्नेछ। यसमा तीनवटा मूलतः चीन र दक्षिणएसिया दुईवटा आर्थिक क्षेत्र (इकोनोमिक करिडोर) रहनेछन् जसमा (१) चीन-पाकिस्तान आर्थिक करिडोर (जुन बलुचिस्तानस्थित गवादर बन्दरगाहबाट सुरु हुने आकर्षक क्षेत्र रहनेछ। (२) बङ्गलादेश, चीन, भारत, बर्मा करिडोर (३) नेपाल-चीन हिमालयन करिडोर (केरुङ-दक्षिणएसिया जोड्ने प्रवेशद्वार हुनेछ) चिनियाँ रेलगाडी सन् २०२० सम्म तिब्बतको नेपाल सीमा चेरुङ पुग्दैछ।

**नेपाल र एक पाटो एक बाटो**

यो परियोजना चीन र भारत दुई प्रतिस्पर्धी देशको बीचमा पर्छ। नेपालको भूराजनीति र दुवै देशको सुरक्षा स्वार्थका साथै विश्वशक्तिको सरोकारको केन्द्र रहेको देश हो। नेपाल विभिन्न सडकहरू, रेलगाडी मार्ग, हवाई सञ्जालमार्फत जोडिनेछ। नेपाल रेसमी मार्गमार्फत बाँकी संसारसँग जोडिनेछ। भूपरिवेष्ठित नेपाल रेसमी मार्गमार्फत विश्व बजारमा प्रवेश गर्नेछ जसका लागि नेपालले चीनसँग गरेको व्यापार र यातायात सम्झौता कार्यान्वयन गर्न सहज हुनेछ।

पौराणिक कथा (शम्भु पुराण) अनुसार चीनको उथाईबाट महामञ्जुश्री काठमाडौँ आएपछि उनले बागमती उपत्यकाको पानी चोभार, गल्छीबाट डाँडो काटेर बगाएका थिए। त्यसपछि त्यहाँ मानवबस्ती बसेको हो। यो कथाले नेपाल र चीनका बीचमा प्राचीन कालदेखि नै सम्बन्ध रहेको पुष्टि हुन्छ। सातौँ शताब्दीका शक्तिशाली तिब्बती राजा श्रङचङ गम्पोले अंशुबर्माकी छोरी भृकुटीसँग विवाह गरेका थिए। सियान-काठमाडौँ मार्ग प्रयोग गरेर उक्त शाही विवाह सम्पन्न भएको थियो।

**समस्या र चुनौती**

एक पाटो एक बाटो परियोजना जति आकर्षक र महत्वपूर्ण छ त्यत्तिकै यसका चुनौती पनि रहेका छन्। जस्तै :

(१) भारतको अरुचि : नेहरू डक्ट्रिनअनुसार नेपाल र भुटानमा भारतले सूक्ष्म व्यवस्थापन गरिरहेको र यस क्षेत्रमा चिनियाँ प्रभावप्रति भारतको अरुचि रहेको कारण कार्यान्वयन गर्न कठिन छ। यस क्षेत्रमा चिनियाँ प्रभाव रोक्न भारत क्रियाशील हुनेछ।

(२) भारत-पाकिस्तान द्वन्द्व र अविश्वास– दुई आणविक शक्ति सम्पन्न भारत र पाकिस्तानका बीचमा द्वन्द्व र अविश्वास कायमै छ। कास्मिर विवाद समाधान भएको छैन।

(३) चिनियाँ कार्ड (पश्चिम देशहरूको)– सन् १९५० मा चिनियाँ सेना तिब्बत प्रवेश गऱ्यो। सन् १९६० मा दलाई लामाले केन्द्रीय सरकारका विरुद्ध विद्रोह गरे र त्यसलाई चीनले नियन्त्रण गऱ्यो। दलाई लामालाई भारतले आश्रय दियो र दिल्लीस्थित धर्मशालामा समानान्तर दलाई लामा सरकार चलायो। सन् १९७० मा खम्पाहरूले चीनविरुद्ध विद्रोह गरे। उनीहरूले नेपाली सीमामा नेपाली भूमि प्रयोग गरेका थिए। नेपालले सन् १९७४ मा प्रतिविद्रोही कारबाही चलायो। उक्त कारबाहीमा देशद्रोही नेता गाय वाङ्दी मारिए। नेपालले एक चीन नीतिलाई मान्यता दियो। त्यसपछि नै नेपालले चीनविरोधी गतिविधिमाथि प्रतिबन्ध लगायो। तर आजसम्म पनि भारत र पश्चिमाहरूले चीनका विरुद्ध तिब्बतकार्ड प्रयोग गरिरहेका छन्। भारतले अरुणाञ्चलमा दलाई लामालाई धार्मिक कार्यक्रम गर्न दिएको छ। यसले 'एक पाटो एक बाटो' परियोजनामा प्रतिकूलता थप्न सक्छ।

(४) शीतयुद्ध मनोवृत्ति – पश्चिमाहरूको आँखा नेपाल-चीन सिमानामा गडेका छन्। १ जुलाई १९९७ मा हङकङबाट बेलायत पछाडि हटेदेखि पश्चिमाहरूले चीनका विरुद्ध नेपाली भूमिलाई आधार शिविरका रूपमा प्रयोग गर्न खोजिरहेका छन्। उनीहरूले भारतलाई चीनका विरुद्ध उचालिरहेका छन्। त्यसकारण भारत र पश्चिमाहरूको शीतयुद्धको मनोवृत्तिका कारण 'एक पाटो एक बाटो' परियोजना दक्षिणएसियामा कार्यान्वयनमा ल्याउन बाधा पुग्ने देखिन्छ।

**नयाँ दृष्टिकोण र मनोविज्ञान**

भारत र चीनको बीचमा द्वन्द्व मात्र छैन, उनीहरूका बीचमा आर्थिक तथा व्यापारिक साझेदारी पनि बढिरहेको छ। भारत चीनको ठूलो बजार हो। दुई देशका बीचमा लगानी र पर्यटन साझेदारी बढिरहेको छ।

**ब्रिक्स सदस्य**

सोभियत सङ्घको विघटनपछि विश्व एक ध्रुवीय बन्न गयो र अमेरिकाले त्यसको नेतृत्व गऱ्यो। आज विश्व बहुध्रुवतिर गइरहेको छ। बहुध्रुवीय विश्व व्यवस्थाका लागि चीन र भारत एउटै मोर्चामा छन्। ब्रिक्समा दुवै देशको ठूलो लगानी हुनु त्यसको छनक हो।

**सार्क र साङ्घाई सहयोग सङ्गठन**

सार्कमा चीन पर्यवेक्षकका रूपमा रहेको छ। भारत र पाकिस्तान चीन र रुससँगै साङ्घाई सहयोग सङ्गठनमा सदस्य रहेका छन्। नेपाल साङ्घाई सहयोग सङ्गठनमा सदस्यका रूपमा रहेको छ।


**एसियन पूर्वाधार बैङ्कमा संयुक्त लगानी**

नेपाल, भारत र चीन एसियन पूर्वाधार विकास बैङ्कका सदस्य छन्। यी तीनै देशको पहलमा उक्त बैङ्कको गठन भएको थियो। जुन बैङ्क जापान र पश्चिमा देशहरूको पहल र लगानीमा बनेका विश्वबैङ्क र एसियाली विकास बैङ्क (एडीबी) को वैकल्पिक वित्तीय संस्थाका रूपमा उदाएको छ। यसले 'एक पाटो एक बाटो' परियोजनामा साझेदार बैङ्कका रूपमा लगानी गरिरहेको छ। चीन, दक्षिणएसिया र एक बाटो एक पाटो परियोजनाले भविष्यमा त्रिआयामिक भूमिका निर्वाह गर्नसक्ने देखिन्छ।

२०२४ सालमा अरनिको राजमार्ग बन्यो। २०१८ साल (सन् १९६१) मा सो राजमार्ग निर्माणसम्बन्धी चीन र नेपालका बीचमा आपसी सम्झौता भएको थियो। सो सम्झौता कार्यान्वयन नगर्न भारतले र पश्चिमाहरूले नेपालमाथि दबाब दिएका थिए। २०६१ सालमा भारतले त्यही बाटो भारतलाई व्यापार गर्न र मानसरोवर जाने यात्रुका लागि खुला गर्न प्रस्ताव गऱ्यो। भारतको उक्त प्रस्तावप्रति नेपाल सकारात्मक छ। त्यसले नेपाल-भारत-चीन त्रिपक्षीय सम्बन्ध विस्तारमा सहयोग गर्ने नेपालको बुझाइ छ। त्यसले नेपाल-भारत-चीन सम्बन्ध सुधारको सेतु बन्ने हैसियत राख्दछ।


नेपाल-चीन-पाकिस्तान त्रिपक्षीय व्यापारले एक्काईसौँ शताब्दीमा महातरङ्ग ल्याउन सक्छ। सडकमार्फत रेलगाडी मार्गले जोड्नेछ। पाकिस्तानका राष्ट्रपति परवेज मुसर्रफले सन् २००२ को सार्क शिखर सम्मेलनमा नेपाल आउँदा चीनको हवाई मार्ग प्रयोग गरेका थिए। भूपरिवेष्ठित नेपालले पाकिस्तानको गवादार बन्दरगाह प्रयोग गर्न सक्छ। यसले नेपाललाई सीधै अन्तर्राष्ट्रिय बजारमा जान सहज बनाउनेछ। गिलगित-ल्हासा-काठमाडौँ हवाईमार्ग सगरमाथा र कञ्चनजङ्घा (दोस्रो अग्लो हिमाल) हुँदै विश्वकै सर्वाधिक आकर्षक पथ हुनेछ। एक पाटो, एक बाटो परियोजना सफल भएमा नेपाल-चीन-पाकिस्तानका बीचमा त्रिपक्षीय साझेदारी बढ्नेछ र आपसी लाभ हुनेछ। यो परियोजनाले क्षेत्रीय अधिनायकत्व तोड्दै नयाँ 'दक्षिणएसिया सिद्धान्त' बन्न/बनाउन मद्दत गर्नेछ।

(चीनमा हालै सम्पन्न अन्तर्राष्ट्रिय गोष्ठीमा नेपालका तर्फबाट कार्यपत्र प्रस्तोता **हिरण्यलाल श्रेष्ठ**द्वारा प्रस्तुत कार्यपत्रको सम्पादित अंश, अनुवाद : **करणसिंह बडाल**)




*एक पाटो, एक बाटो परियोजना सफल भएमा नेपाल-चीन-पाकिस्तानका बीचमा त्रिपक्षीय साझेदारी बढ्नेछ र आपसी लाभ हुनेछ। यो परियोजनाले क्षेत्रीय अधिनायकत्व तोड्दै नयाँ 'दक्षिण एशिया सिद्धान्त' बन्न/बनाउन मद्दत गर्नेछ।*

# ग्रिसेली बुद्धिजीवीहरूको अपिल, प्राध्यापक साइबाबाको रिहाइको माग





**काठमाडौँ :** वैशाख २४, माओवादीहरूलाई सहयोग गरेको अभियोग लगाएर भारतीय फासिवादी सत्ताले आजीवन कारावासको सजाय तोकेर हाल महाराष्ट्रको गाडचिरोली जेलमा राखिएका दिल्ली विश्वविद्यालयका अङ्ग्रेजी विषयका प्राध्यापक जि.एन. साइबाबाको रिहाइका लागि कानुनी तथा पेशागत विश्वव्यापी अभियान चलिरहेको छ।

एम्नेस्टी इन्टर्नेसनललगायत विश्वभरिका मानवअधिकारवादी सङ्गठनहरू तथा लेखक, प्राध्यापक र पत्रकारहरूले उहाँको रिहाइका लागि विभिन्न माध्यमद्वारा भारतीय सरकारलाई दबाव दिइरहेका छन्।

यसैक्रममा यही मे ५, २०१७ का दिन ग्रिसका बुद्धिजीवीहरू, प्राध्यापक, शिक्षकहरूले सो अभियानप्रति ऐक्यबद्धता जनाउँदै रिहाइका लागि अपिल जारी गरेका छन्। पेशागत विभिन्न सङ्घसंस्थासित सम्बद्ध तथा स्वतन्त्र रूपमा क्रियाशील ४१ जना प्राध्यापक तथा शिक्षकहरूको हस्ताक्षर भएको सो वक्तव्यमा भनिएको छ - "प्राध्यापक साइबाबालाई माओवादी समूहसित जोडेर जसरी आजीवन कारावासको सजाय दिइएको छ, त्यो अन्यायपूर्ण र अमानवीय छ। ९० प्रतिशत अपाङ्ग र ह्विलचेयरबिना हिँडडुल गर्न नसक्ने र स्वास्थ्यको दृष्टिले पनि अत्यन्त कमजोर मान्छेलाई भारतीय कम्युनिस्ट पार्टी (माओवादी) सित जोडेर छापामार गतिविधिमा सक्रिय सहभागी भनेर आजीवन कारावासको सजाय दिनु कुनै पनि हालतमा न्यायपूर्ण र मानवोचित छैन। हामी भारत सरकारसित यथाशीघ्र बिना सर्त उहाँको रिहाइको माग गर्छौं। साथै उहाँको रिहाइका लागि भारतलगायत विश्वका विभिन्न मुलुकहरूमा चलाइएको अभियानप्रति पनि हार्दिक ऐक्यबद्धता जनाउँछौं। यसका साथै जेलमा उहाँलाई उचित स्वास्थ्योपचार तथा आवश्यक अन्य सुविधा प्रदान गरियोस् भनेर पनि माग गर्दछौँ। हामी आशा गर्छौं, उहाँमाथि न्याय हुनेछ र उहाँको रिहाइ हुनेछ।"

स्रोत : **जनमेल डटकम**

# पूर्वका स्रष्टा, प्रतिरोधी चेतना र कथित स्थानीय निर्वाचन



खेम थपलिया

*सामन्तलाई नगिँडे*
*दुश्मनसँग नभिँडे*
*आउँदैन है जनवाद*
*भाषण ठोकेर ... ।*

२०२८ सालमा झापातिर असाध्यै चर्चित थियो यो गीत । त्यतिबेला भारत-नक्सलवाडीका चारु मजुमदारको 'वर्गसत्रु खत्तम गर' अभियानबाट प्रभावित झापाली युवा कम्युनिस्टहरू क्रान्तिको थालनी गर्न आतुर थिए; यतिबेला हामी पनि हेटौंडा हुँदै त्यतै पुग्न कम्ती आतुर थिएनौँ ।

नेपाल कम्युनिस्ट पार्टी, शिक्षा, साहित्य तथा संस्कृति विभागले कञ्चनपुरमा चैत २०, कैलालीमा चैत २२, बर्दियामा चैत २५, सुर्खेतमा चैत २७ र दाङमा चैत २९ मा कविताबाचन अभियान सम्पन्न गरेर काठमाडौं फर्किएपछि विभाग प्रमुख आरपी तिमिल्सिनाको उपस्थितिमा विभागको दोस्रो बैठक कौशल, खेम थपलिया, निभा शाह र शोभा दुलालको उपस्थितिमा बस्यो । बैठकले सम्पन्न भएका कविताबाचन अभियानको गम्भीर समीक्षा गर्दै कार्यक्रम सफल, भव्य र प्रभावकारी रहेको संश्लेषण गऱ्यो । नेपालको पूर्वी क्षेत्रका चार स्थानमा विभागीय प्रमुखसँगै विभाग सदस्य खेम थपलिया, निभा शाह र शोभा दुलाल जाने निधो भयो । विभागले आवश्यक व्यवस्थापन र सम्पर्कको कामलाई तीव्र बनायो । अन्तिम समयमा कमरेड निभा शाहको असमर्थतासँगै कमरेड शोभा दुलाल पनि रोकिनुभयो । जसोतसो वैशाख ४ गते पश्चिममा सम्पन्न भएका कार्यक्रमको अनुभव र पूर्वमा हुने आगामी कार्यक्रमको सम्भावित परिस्थितिको आँकलन गर्दै हामी हेटौंडातर्फ लाग्यौँ ।

**मकवानपुर-हेटौंडा** : ४ गते अबेर हेटौंडा पुगियो । कमरेड मिलन हामीलाई कुरेर बस्नुभएको रहेछ । हेटौंडाको बसपार्कमा रहेको होटल कैलासमा बस्ने व्यवस्था मिलाइएको रहेछ । होटलमा पुगेपछि कार्यक्रमसम्बन्धी छलफल भयो । दिनभरको थकाइका कारण हामी लखतरान भएका पनि थियौँ । खाना खाएर आराम गर्नतिर लाग्यौँ ।

'राष्ट्रिय स्वाधीनता एवम् समसामयिक सन्दर्भमा कविताबाचन अभियान' को छैठौँ कार्यक्रम वैशाख ५ गते हैटौंडामा अवस्थित होटल लिडोको सभाकक्षमा आयोजित कार्यक्रमको अध्यक्षता आरपी तिमिल्सिनाले गर्नुभयो । सञ्चालनको जिम्मा मैले सम्हालेँ । यो हाम्रो अभियानको पूर्वतर्फको पहिलो र समग्र अभियानको छैठौं कार्यक्रम पनि थियो । सभाकक्ष खचाखच थियो । नेपाल कम्युनिस्ट पार्टी, नारायणी ब्युरो इन्चार्ज एवम् केन्द्रीय सदस्य क. मिलन, भोजपुरी साहित्यिक अग्रज स्रष्टा नन्दन अर्याल, मकवानपुर इन्चार्ज क. ज्वाला, बारा इन्चार्ज क. नयन, मकवानपुर सेक्रेटरी क. वाटर, बारा सेक्रेटरी क. चन्द्रप्रकाश, नारायाणी ब्युरो सदस्य क. दावालगायत अतिथि हुनुहुन्थ्यो । अभियानमा मिलन, राप्ती, एस लामा, राजेश थापा, रमन घिमिरे, गिरिजा अधिकारी, मोहन शाह, श्यामसुन्दर ढुङ्गाना, पुरुषोत्तम आचार्य, प्रमोद अधिकारी, दिलमहम्मद अन्सारी, कृष्णप्रसाद घिमिरे, धर्मराज स्याङ्तान, रविन्द्र देउला, नन्दन अर्याल, लक्ष्मी श्रेष्ठलगायत स्रष्टाहरूले सिर्जनाका माध्यमबाट समसामयिक आवाज मुखरित गर्नुभएको थियो । त्यहाँ प्रतिरोधी आवाज थियो, परिवर्तनको उत्कट चाहना थियो र दलाल संसदीय व्यवस्थाप्रतिको तीव्र रोष थियो । त्यो अवसरमा नेपाल कम्युनिस्ट पार्टी, नारायणी ब्युरोद्वारा भोजपुरी भाषा-साहित्यका संस्थापक ८५ वर्षीय कवि नन्दन अर्याललाई प्रशंसापत्र, पुस्तक, डायरीसहित विशेष सम्मान गरिएको थियो । त्यसैगरी नारायणी ब्युरोले ब्युरोस्तरीय अविरल सांस्कृतिक परिवारका जनकलाकारहरू उत्तम वाइबा, कुमार ब्लोन, अस्मिता कालिकोटे, अमृता ब्लोन, निरुता श्रेष्ठ, दिलकुमार लामिछाने, आशीष कुँवर, सविता वाइबा र मञ्जु लामालाई पनि प्रशंसापत्र, डायरीसहित सम्मान गरिएको थियो । ब्युरो इन्चार्ज कमरेड मिलनको समसामयिक प्रशिक्षात्मक मन्तव्यले कार्यक्रमलाई झन् उचाइमा पुऱ्याएको थियो भने अन्तिममा कार्यक्रम समापन गर्दै कमरेड राप्तीले राजनीतिक तथा सामाजिक रूपान्तरणमा कला-साहित्यको भूमिकासम्बन्धी विचार सम्पेषण गर्नुभएको थियो ।

कविताबाचन अभियानको सम्पूर्ण कामको कमान्ड स्वयम् ब्युरो इन्चार्ज कमरेड मिलनले गर्नुभएको थियो । लामो समय सांस्कृतिक मोर्चामा काम गरेको र कला-साहित्यको मर्मलाई नजिकबाट बुझेकोले पनि हुनुपर्छ; कमरेड मिलनको साथ, समर्थन, सहयोग र हौसला यो अभियानमा विशेष रह्यो । यो कुरा अन्य ब्युरोका लागि पनि उत्तिकै शिक्षाप्रद र मननीय छ । भोलिपल्ट जनकपुर ब्युरोअन्तर्गत सिराहाको लाहानमा आयोजना गरिएको वैशाख ७ गतेको कार्यक्रमको तयारी र आवश्यक संयोजन गर्न हामी नेपालको मध्यक्षेत्रको सुन्दर सहर हेटौंडाबाट सिराहातिर लम्कियौँ ।

**सिरहा-लाहान** : चर्को गर्मीका बीच अलि अलि पानी परिरहेकोले हामीलाई केही राहतको अनुभूति भइरहेको थियो । हामी सिराहा पुग्यौँ । त्यहाँ हामीलाई लिन पार्टीका केन्द्रीय सदस्य कमरेड देवनारायण साह र जिल्ला इन्चार्ज कमरेड हिक्मत आइपुग्नुभयो । उहाँहरू आउनुअघि हामी लाहानबजारमा बिक्री गर्न राखिएका ठूला-ठूला तर्बुजाका थुप्रो हेरेर रमाइरहेका थियौँ । उहाँहरूले लाहानचोकमा रहेको एक होटलमा लगेर एकछिन आरामसहित चिया खाने व्यवस्था मिलाउनुभयो । ऐतिहासिक लाहानबजार सुनसान जस्तो, के के नपुगेको जस्तो लाग्यो । सहिदचोकमा रहेका सहिदहरूका सालिकले हामीतिर हेरेर अनेकन् प्रश्न गरिरहेझैँ लाग्यो । त्यसपछि उहाँहरूले हामीलाई त्यही नजिकै रहेको दिलुचन्द्र अतिथिगृहमा लैजानुभयो । त्यो रात हामी त्यही अतिथिगृहमा बितायौँ । हामीसित उहाँहरू पनि सँगै बस्नुभयो । लाहानको गर्मी र लामखुट्टेको आतङ्कबीच पनि मीठा-ताजा खाना र कमरेडहरूको न्यानो माया र कमरेड्ली व्यवहारले हामीलाई चिसो-ठन्डा बनाइराखेको थियो ।




कविताबाचन अभियानको सातौँ कार्यक्रम वैशाख ७ गते पशुपति आदर्श माध्यामिक विद्यालय, लाहानको सभाकक्षमा सहभागी भयौँ । विभाग प्रमुखको अध्यक्षतामा कार्यक्रम अघि बढ्यो । यहाँ पनि कार्यक्रम सञ्चालन तथा सहजीकरणको जिम्मेवारी मलाई नै पऱ्यो । कार्यक्रममा राप्ती, खेम थपलिया, अर्जुनप्रसाद गुप्ता 'बर्दिला', देवनारायाण साह, वीरबहालदुर दनुवार 'आइडिएल', गणेश साह, रोयन्टल मण्डल, परमेश्वर रायलगायत आयोजक, कवि तथा अतिथिहरूले सिर्जना वाचन गर्नुभएको थियो । यहाँ कृष्ण सेन 'इच्छुक' द्वारा रचित 'अस्वीकार्य' शीर्षकको कविताबाचन पनि भयो । स्रष्टाहरूले राष्ट्रिय स्वाधीनका पक्षमा र कथित स्थानीय निर्वाचनको विपक्षमा आफ्ना सिर्जनात्मक आवाजलाई सशक्त ढङ्गबाट राख्नुभएको थियो । लाहानमा सङ्क्षिप्त तर सार्थक कार्यक्रम गर्न सफल भएकोमा हाम्रो मन त्यो बेला कम्ती चङ्गा भएको थिएन !

लाहानको कार्यक्रम सम्पन्न गरेर हामी सुनसरीतिर प्रस्थान गऱ्यौँ । पूर्व-पश्चिम राजमार्ग र त्यहाँको बसको यात्रा कठीन हुँदाहुँदै पनि खै किन हो, हामीलाई जस्ता र जति पनि अभाव र अप्ठ्यारा मन पर्न थालेको थियो ।

**सुनसरी-धरान** : इटहरी-बसपार्कमा झरेपछि हामी गोर्खा कम्प्लेक्स पुग्यौँ । त्यहाँ हामीलाई पर्खेर कमरेड चेतना बसिरहनुभएको रहेछ । त्यहाँबाट हामी कोशी ब्युरो कार्यालयमा पुग्यौँ । त्यहाँ कमरेड मनु अछामीलगायत कमरेडहरूसित भेट भयो । बस्ने व्यवस्था त्यही मिलाइएको रहेछ । कामका चापमा कारण अलि ढिला गरेर पार्टीका केन्द्रीय सदस्य एवम् कोशी ब्युरो इन्चार्ज कमरेड नवीन आइपुग्नुभयो । केही राजनीति छलफल, धरानमा आयोजनाको गरिएको कविताबाचन कार्यक्रमको तयारी, अन्य सम्पन्न भइसकेका कविता कार्यक्रमको समीक्षाका साथै मीठो र स्वादिलो खाना अनि रमाइलो वातावरणले हाम्रा थकाइ निकै टाढा भागिसकेको थियो तर इटहरीका लामखुट्टेलाई भने मान्नैपर्दछ कि रातभर उनीहरूले आफ्नो ड्युटी पूरा गरिरहे ।

वैशाख ८ गते कोशी ब्युरोस्तरीय प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको रहेछ । अलिकति समय पनि बाँकी रहेको र त्यहाँ अन्य कमरेडहरूसित भेटघाट पनि हुने भएकोले हामी कमरेड चेतना, कमरेड मनु अछामीसँगै विराटचोकमा आयोजना गरिएको प्रशिक्षण कार्यक्रममा सहभागी भयौँ । प्रशिक्षणको प्रमुख अतिथि/अतिथिहरूमा नेपाल कम्युनिस्ट पार्टीका स्याथी समितिका सदस्य कमरेड सुदर्शन, जनसरकारका उपप्रमुख तथा पार्टी पीबीएम कमरेड विकासलगायत हुनुहुन्थ्यो । भोलिपल्ट धरानका आयोजना गरिएको कार्यक्रमको तयरी एवम् आवश्यक संयोजनलगायतका काम गर्ने समय कम हुँदै गएकोले प्रशिक्षणमा पूरै समय बस्न असाध्यै मन हुँदाहुँदै पनि हामी धरानतर्फ हिँड्यौँ ।

बेलुकीपख हामी धरानको बसपार्क ओर्लियौँ । हामीलाई लिन अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय सदस्य एवम् सुनसरी ब्युरो इन्चार्ज लम्जेल सङ्घर्षशील आउनुभयो । हामीले बसपार्कसितै जोडिएको घन्टाघर पार्कमा केहीबेर थकाइ मार्दै चिया खायौँ । अलि-अलि भोलिपल्टको कार्यक्रमको तयारीको अवस्था र आवश्यक थप तयारीका विषयमा पनि कुराकानी गऱ्यौँ । त्यतिखेरसम्म हामी बेलुका कहाँ बस्ने भन्ने कुरा निश्चित भइसकेको थिएन । होटलमा बस्नुभन्दा जनताका बीचमा बस्नु उपयुक्त हुने कुरा हाम्रो थियो । त्यसपछि हामीलाई लिएर लम्जेलजीले आफ्नो सेल्टरमा लैजानुभयो । त्यहाँ कमरेड जमुना श्रेष्ठसित भेट भयो । जमुनाले हाँसी-हाँसी बनाएको मीठो चियाको चुस्कीसँगै रमाइला कुराकानी भए । बेलुकी खाना त्यहीँ खाने र बस्नका लागि देउरालीमा जाने कुरा भयो ।

खाना खाएपछि आफ्नै मोटरबाट हामीलाई दुर्गा शङ्करजीले देउराली पुऱ्याउनुभयो । त्यो ठाउँ पूर्वको आधारइलाका नै रहेछ । विशाल सुकुमबासी बस्ती, निर्वाचनका बेला भोटबैङ्कको रूपमा प्रयोग गरिने र अरू बेला फर्किएर पनि नहेर्ने प्रचलनले त्यहाँका जनतामा स्थानीय निर्वाचनले छोएकै रहेनछ । केही घरमा एकाध पार्टीका झन्डाबाहेक केही देखिएनन् । त्यो पनि बाहिरका मानिस आएर राखिदिएका रे ! त्यो रात त्यहाँ स्थानीय करिब एकदर्जन समाजसेवी-पुराना र नयाँ पुस्तासित गम्भीर राजनीतिक कुराकानी भए । त्यो कार्यक्रमको सहजीकरण मैले गरेँ भने स्थानीय जिज्ञासा र पार्टीको आधिकारिक धारणा कमरेड राप्तीले सविस्तार राख्नुभयो । कार्यक्रम सिद्धिँदा रात छिप्पिन थालिसकेको थियो तर पनि उहाँहरूमा कुराकानीको धोको नपुगेको सहजै महसुस गर्न हुन्थ्यो । उहाँहरूलाई बिदा गरेर हामी निद्रारूपी पछ्यौरीमा बेहेरियौँ ।

हामी सबेरै उठेर नित्यकर्म सिध्यायौँ । एकघन्टाजति म एक्लै देराउलीको अवलोकनमा निस्किएँ । त्यहाँको जनजीवनको विषयको जानकारी लिएँ । चिया खाइवरी हामी धरानको मुख्यबजारतिर लाग्यौँ । लम्जेलजीकहाँ बिहानको खाना खाएर हामी कार्यक्रमस्थल महेन्द्र आदर्श बहुमखी क्याम्पसतर्फ लाग्यौँ । नेपालको परिवर्तनकामी आन्दोलनमा महेन्द्र बहुमुखी क्याम्पसको आफ्नै इतिहास रहेको छ । यहाँका विद्यार्थीले पञ्चायती निरङ्कुशताका विरुद्ध ठूल-ठूला आन्दोलन गरेका थिए । त्यही क्याम्पसमा आयोजना गरिएको वैशाख ९ गते कविताबाचन अभियानको आठौँ कविताबाचन कार्यक्रम सम्पन्न गर्न पुग्यौँ ।

कार्यक्रम आरपी तिमिल्सिनाको अध्यक्षता र लम्जेल सङ्घर्षशीलको उद्घोषणमा अघि बढ्यो । महेन्द्र बहुमुखी क्याम्पसको सभाहलमा सम्पन्न कविताबाचन कार्यक्रममा साहित्य अनुसन्धान परिषद् नेपालका अध्यक्ष केशव वाग्ले, कवि बम देवान, इटहरीका कवि खेमराज शर्मा, मोती संस्मरण समितिका अध्यक्ष गोविन्द तिम्सिना, नेकपा (माओवादी केन्द्र) निकट अखिल नेपाल लेखक सङ्घका केन्द्रीय सदस्य खेमराज खनाल, प्रगतिशील लेखक सङ्घ केन्द्रीय पार्षद् केशवकुमार सुनाम, अखिल नेपाल जनसांस्कृतिक महासङ्घ कोशी ब्युरो सदस्य डम्बर विके, अखिल नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सदस्य एवम् कवि प्रेमगङ्गा गिरी 'साहस' र विराटनगरका कवि भक्ति दाहाल, नेकपा (क्रान्तिकारी माओवादी) का पेमा लामा, दलित साहित्यकार मञ्च नेपालका कोषाध्यक्ष शकुन्तला भुसाल, अमर प्रतिभा समूह अमरहाटका अध्यक्ष मनि राई 'गोठाले', कवि खगेन्द्र पराजुली, प्रगतिशील लेखक सङ्घ, सुनसरी शाखा सदस्य हर्कराज चर्मकार, कवि डिडिलिन आङबुहाङ, कवि सन्तु राई, मनकुमार लिम्बूलगायतले देशभक्तिपूर्ण कविताबाचन गर्नुभयो । उक्त कार्यक्रममा केशव वाग्ले र केशवकुमार सुनामलाई निरन्तर कम्युनिस्ट विचार र आन्दोलनप्रति निष्ठावान व्यक्तित्वको रूपमा रातो अबिर र दोसल्ला ओढाएर सम्मान गरिएको थियो । त्यसैगरी, निरन्तर प्रगतिशील कविता रचना गरेर समाज रूपान्तरणमा भूमिका खेल्ने कविहरू खेमराज शर्मा र बम देवानलाई पुरस्कृत पनि गरिएको थियो ।

कार्यक्रममा नेकपा (माओवादी केन्द्र) का केन्द्रीय सदस्य नुलम राई, बेपत्ता योद्धा परिवार समाज नेपालका केन्द्रीय सचिव नवराज ढुङ्गाना, युवा जनस्वयम् सेवकका कोशी ब्युरो संयोजक देव गुरुङ, अनेम सङ्घ (क्रान्तिकारी) कोशी ब्युरो संयोजक मनु अछामी, सुखानी सांस्कृतिक परिवार संयोजक जमुना श्रेष्ठ, नेपाल पत्रकार महासङ्घ केन्द्रीय पार्षद् मनिता चाम्लिङ राई, नेपाल पत्रकार महासङ्घ, प्रदेश पार्षद् गोपाल कामत, अखिल (क्रान्तिकारी) का नेता नवराज भट्टराई, लाङ्घाली सामुदायिक वन उपभोक्ता समूहका सदस्य अमृत लिम्बू, अखिल (क्रान्तिकारी) सुनसरी अध्यक्ष पुष्प न्यौपाने, अखिल नेपाल क्रान्तिकारी भूमिहीन सङ्घका सुनसरी अध्यक्ष मोहन कार्की, मिजार सेवा समाज धरानका अध्यक्ष धनबहादुर हमाल, दलित मुक्ति मोर्चा सुनसरी सदस्य दुर्गा शङ्करलगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा छ दर्जनभन्दा बढी विभिन्न सङ्घ-सङ्गठनमा आवद्ध व्यक्तित्वहरूको उपस्थिति थियो । सुनसरीको धरानमा कविताबाचन कार्यक्रम भव्यता र उच्चताका साथ सम्पन्न गर्दै तथा धरानी साहित्यिक मनहरूलाई हार्दिक आभार प्रकट गर्दै हामी सोही दिन झापातर्फ लाग्यौँ ।

**झापा-विर्तामोड** : झापाको सुरुङ्गाबजारमा बेलुका अबेर पार्टीका केन्द्रीय सदस्य एवम् मेची ब्युरो इन्चार्ज कमरेड सुमनसित भेट भयो । उहाँसँगै सुरुङ्गाको एक होटलमा खाना खाएर सुरुङ्गाकै अर्को ठाउँमा गएर रात बितायौँ । भोलिपल्ट बिहान म सुरुङ्गाबजार घुम्न निस्किएँ । अलि अलि पानी परिरहेको थियो, अलि अलि गर्मीले अनौठो पनि लागिरहेको थियो । जब म घुम्दै सुरुङ्गाबजारमा पुगेँ, संयोगवस त्यहाँ पार्टीका केन्द्रीय सल्लाहकार समितिका अध्यक्ष असारेकाकासित भेट भयो । उहाँ माइक्रोबसबाट काठमामाडौं फर्कन लाग्नुभएको रहेछ । उहाँले मलाई बजारमा डुलिरहेको देखेर बसबाट ओर्लिएर बोलाउँदै हुनुहँदो रहेछ 'बाबु' । कसैको कसैलाई बिल्कुल कुनै मतलव हुन छोडेको यतिबेला काकाको योखालको सदाशयता र आत्मीयता निकै ओजिलो लाग्यो । सायद 'वल्ड इज गोल्ड' भनेको यही र यस्तै यस्तै त होला ।

११ गतेको कार्यक्रमको तयारी लगभग पूरा भइसकेको थियो । नजिकैको साइबरमा गएर विर्तामोडको कविताबाचन कार्यक्रम र वैशाख १३ गते काठमाडौंमा आयोजना गरिएको जनसांस्कृतिक योद्धा सम्मान कार्यक्रमका प्रचारात्मकलगायत अन्य काम सिध्याइसकेको थिएँ । त्यसपछि बाँकी रहेको समय सदुपयोग गर्दै काकरभिट्टा गएँ । मलाई भद्रपुरका मित्र गोपाल खड्काले साथ दिनुभयो । काकरभिट्टापारि पुगेर, एकछिन सुस्ताएपछि हामी त्यहाँबाट फर्कियौँ । भोपिल्ट बिहान भद्रपुर पुगेँ । भद्रपुरमा थुप्रै साहित्यिक तथा सामाजिक व्यक्तित्वसित भेट भयो । मित्र गोपालजीले त्यहाँ सबै घुमाउनुभयो । चियाबगान पनि भव्य नै लाग्यो । भद्रपुरमा बन्दै गरेको पुलको अवलोकन गरियो । राजनीतिक दाउपेच र भ्रष्टाचारको कारण त्यहाँको पुल १० वर्षअघि निर्माणकार्य सुरु भएर पनि अझै पूरा भएको रहेनछ । गलगलैयाबाट नेपालतर्फ फर्केर हेर्दा विचित्रको अनुभूति भयो । त्यहाँ भारतीय पक्षले नेपाली भू-भागलाई नराम्ररी मिचेको यथार्थले भित्रैदेखि अमिलो भएर आयो । भारतले भद्रपुर माध्यामिक विद्यालयको छेउमै आएर पोल गाडेको रहेछ । कतिखेर त्यो सिङ्गो भद्रपुर भारतभित्र गाँभिने हो, भन्न सकिने स्थिति नै रहेनछ । नेपालको सबैभन्दा पुराना चार नगरपालिकामध्ये भद्रपुर (२००२) पनि एक रहेछ । निकै शान्त तर अवसरको खोजीमा रहेको भद्रपुरमा फेरि आउने प्रविद्धता र त्यहाँको स्तरोन्नतिको शुभेच्छासहित हतार-हतार विर्तामोड-मुक्तिचोक फर्किएँ ।

वैशाख ११ गते झापाको विर्तामोडमा अवस्थित मुक्तिचोकमा रहेको भेटघाट चौतारीको सभाकक्षमा कविताबाचन अभियानको नवौँ कार्यक्रम थियो । यहाँको कार्यक्रमको सञ्चालनको जिम्मा अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, मेची ब्युरो प्रमुख नवल गजमेर र अध्यक्षता विभाग प्रमुखले लिनुभयो । कार्यक्रममा अतिथिहरू नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य एवम् मेची ब्युरो प्रमुख क. सुमन, अखिल नेपाल जनसांस्कृतिक महासङ्घका महासचिव खेम थपलिया, केन्द्रीय सदस्य एवम् कोशी ब्युरो इन्चार्ज लम्जेल सङ्घर्षशील, प्रलेस केन्द्रीय सल्लाहकार भवानी क्षेत्री, झापा इन्चार्ज क. उमेश, झापा सेक्रेटरी क. तारा, प्रलेस झापा अध्यक्ष राजेन्द्र सङ्ग्रौला, झापा जवस इन्चार्ज क. दर्शनलगायत साहित्यिक तथा राजनीतिक व्यक्तित्व हुनुहुन्थ्यो । सो कार्यक्रममा सुमनसिंह, हरिश भट्ट, प्रशान्त, दीपक कुशवाह, तेजप्रसाद तिवारी, हरिभक्त सङ्ग्रौला, नवल गजमेर, राजेन्द्र सङ्ग्रौला, सुमित्रा बाङ्देल बेली, भवानी क्षेत्रीलगायत स्रष्टाहरूले आ-आफ्ना कविता, गीत, मुक्तक, गजलका माध्यमबाट राष्ट्रियता, स्वाधीनताका पक्षमा र स्थानीय निर्वाचनको विरोधमा आवाज बुलन्द गर्नुभएको थियो । सयौँ सङ्ख्यामा उपस्थित रहको र खचाखच हल भरिएको उक्त कार्यक्रमा मेची ब्युरो इन्चार्ज क. सुमनले सारगर्वित मन्तव्य राख्नुभएको थियो । पछिल्ला वर्षमा पटक-पटक पूर्वमा सङ्गठनात्मक तथा साहित्यिक-सांस्कृतिक विभिन्न कार्यक्रममा सहभागी भइसकेको हुनाले मलाई नेपालको पूर्वीक्षेत्र सामान्य लागिरहेको भए पनि कमरेड राप्तीको पहिलोयात्रा भएकोले उहाँ निकै रोमाञ्चित हुनुभएको प्रतीत हुन्थ्यो ।

हैटौंडादेखि विर्तामोडसम्मका वाचित रचनाको एउटै बोली थियो- वर्तमान सत्ता राष्ट्रघाती र दलाल छ । यो स्थानीय निर्वाचनले देश र जनताको हित गर्दैन । राष्ट्रिय स्वाधीनता चरम सङ्कटमा छ । नेपालका सबै कम्युनिस्ट, देशभक्त-राष्ट्रवादी शक्ति मिलेर आमूल परिवर्तनको दिशामा अघि बढ्नुको कुनै विकल्प छैन । स्पेनका महान् कवि फेदरियो गार्सिया लोर्काले भनेझैँ सिङ्गो संसार डगमगाइदिने यो समयमा कलाकर्मीहरूले सबैसँग हाँस्न र रुन आवश्यक छ । सोही दिन बेलुकी हामी वैशाख १३ गते काठमाडौंमा आयोजना गरिएको जनसांस्कृतिक योद्धा सम्मान कार्यक्रमको आवश्यक तयारी र सहभागिताका लागि रात्रिबस चढ्यौँ । भोलिपल्ट काठमाडौँ आइपुग्यौँ तर पूर्वका स्रष्टाका उदात्त कवि-हृदय र दलाल संसदीय सत्ताधारीका विरुद्ध प्रतिरोधी सिर्जनाले मन भने पूर्वीतिरै घुमिरहेको थियो ।

## कविता

### कुर्सीको महिमा

**- गोरख पाण्डे**

ऊ जमिनमा हुँदासम्म
कुर्सी खराब 'थ्यो
कुर्सीमा जब ऊ विराजमान भो
जमिन भो खराब ।

उसको नजर कुर्सीमा 'थ्यो
कुर्सी लागेको 'थ्यो
उसको नजरलाई
ऊ नजरबन्द गर्छ उसलाई
महिलालाई नजरबन्द गर्नेलाई ।

फगत ढाँचा होइन त्यो
फलाम या काठको
कद हो कुर्सी त
कुर्सी अनुसार
सानो ठूलो छ त्यो
स्वाधीन छ या अधीन छ
खुस छ या नाखुस
कुर्सीमा लिसोभैँ टाँसिन्छ
एक लिप्त मानिस ।

फाइल दब्दै रहन्छन्
न्याय टालिन्छ
भोकासम्म दाल भात पुग्दैन
बिरामीलाई ओखती
अपराध नगरेर पनि
सुलीमा चढाइन्छ
यसैबीच
कुर्सी नै हो
जो घुस र प्रजातन्त्रको लेखा राख्छ ।

कुर्सी खतरामा छ त प्रजातन्त्र खतरामा छ
कुर्सी खतरामा छ त देश खतरामा छ
कुर्सी खतरामा छ त दुनियाँ खतरामा छ
कुर्सी बचेन त
भाँडमा जाओस् प्रजातन्त्र
देश र दुनियाँ ।

खुनको समुद्रमा सिक्का राखिएका छन्
सिक्कामाथि कुर्सी
कुर्सीमाथि तानाशाह
एकपटक फेरि नरसंहारको आदेश दिन्छ ।

अविचल रहिरहन्छ कुर्सी
माग र सिकायतको दुनियाँमा
चोट र आँसुको दुनियाँमा
मुर्दातुल्य रहन्छ कुर्सी
आफ्नै खुट्टामा आगो नलागेसम्म ।

मातेको मान्छेभैँ डङ्ग्रङ्ग ढल्छ ऊ
नालीमा आँखा खोल्छ
जब नशाजस्तै कुर्सीको मोहभङ्ग हुन्छ ।

कुर्सीको महिमा
बखान गर्ने
यो एक थोत्रो प्रयास हो
लिसोभैँ टाँसिनेलाई सोधे हुन्छ
कुर्सी भूगोल हो
कुर्सी इतिहास हो ।

# पार्टी प्रवेशको लहर तीव्र

■ **अम्बिका चन्द**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीको थबाङमा सम्पन्न आठौं महाधिवेशनले आफनो कार्यदिशालाई समृद्ध पारेलगत्तै कम्युनिस्ट क्रान्तिकारी वृत्तमा ध्रुवीकरणको प्रक्रियाले तिव्रता पाएको छ। महाधिवेशन यता विभिन्न कम्युनिस्ट घटकका दजनौं नेता-कार्यकर्ताहरु नेकपामा ध्रुवीकृत भएका छन् ।

आइतबार मात्र राजधानीको प्रज्ञा प्रतिष्ठानमा एक कार्यक्रमको आयोजना गरी नेकपाका नेता एवं स्थायी समिति सदस्य सुदर्शनले पोलिटब्यूरो सदस्यदेखि अन्य जिल्ला तहसम्मका करिब दुई सयभन्दा बढीलाई पार्टी प्रवेश गराउनु भएको छ। पार्टी प्रवेश कार्यक्रममा बोल्दै उहाँले आफनो पार्टीलें आठौं महाधिवेशनबाट अघि सारेको कार्यदिशा सही भएकोले क्रान्तिकारी ध्रुवीकरणको प्रक्रिया तिव्रतर रुपमा अघि बढेको बताउनु भयो । कम्युनिस्ट पार्टीप्रति समर्पित मान्छे मात्रै आफ्नो पार्टीमा अट्न सक्ने भन्दै सो पार्टीका सल्लाहकार समितिका अध्यक्ष असारे काकाले कसैले पदको लागि पार्टीमा आउन खोज्छ भने त्यहाँ विचारको बहस जरुरी छ भन्नुभयो । आफूलाई सधै युवा बताउने र २५ वर्षे युवा झै जोशीला काकाले यो संसार युवाहरुको भएकोले क्रान्तिको सपना देखेको आफ्नो पार्टीमा युवाहरुको प्रवेश स्वागतयोग्य छ भन्नुभयो ।

माओवादी केन्द्र परित्याग गरी नेकपामा प्रवेश गर्ने माओवादी केन्द्रका पोलिट ब्यूरो सदस्य श्याम बहादुर बोहोरा अटलले प्रचण्ड माओवादी क्रान्तिको मार्गबाट भागेको, विचलित भएको र संसदीय व्यवस्थामा पतन भइसकेकोले आफूले सो पार्टी परित्याग गरेको बताउनु भयो । उहाँले माओवादी केन्द्रलाई पार्टी नभई एउटा प्रा.लि. भएको घोषणा गदै आफू क्रान्तिको सपना बोकेको पार्टी नेकपामा धुव्रीकृत भएको पनि बताउनु भयो । यस्तै मोहन वैद्यले नेतृत्व गरेको क्रान्तिकारी माओवादीबाट खम्वु चन्द (समिर यात्री)ले वैद्य सबैको आस्थाको प्रतिक, उदारहणीय जीवनशैली भएको व्यक्ति भएतापनि स्पष्ट क्रान्तिको कार्यदिशा नभएको भन्दै नेकपामा प्रवेश गर्नुभएको छ । उहाँले ठोस परिस्थितिको ठोस विश्लेषण गर्ने विषयमा वैद्य पछि परेको र पार्टीलाई अनिर्णयको बन्दी बनाएको आरोप लगाउनु भयो ।

यस्तै नेकपा (मार्क्सवादी)का पार्टी प्रवक्ता रोजन रखाल पनि आफना २ सय भन्दा बढी नेता कार्यकर्तासहित नेकपामा प्रवेश गर्नुभएको छ। पार्टीका २ जना सचिवालय सदस्यसहित केही केन्द्र र जिल्ला तहका नेता कार्यकर्तासहित उहाँ पार्टी प्रवेश गर्नुभएको हो । नेकपामा क्रान्तिका लागि केही सम्भावनाहरु देखेर पार्टी प्रवेश गरेको भन्दै आफूहरु कुनै पद र लाभको लागि ध्रुवीकृत नभएको स्पष्ट पार्नुभयो । माओवादी केन्द्र निकट प्रलेसका बरिष्ठ उपाध्यक्ष तथा कवि यज्ञबहादुर डाँगी पनि नेकपामा प्रवेश गर्नुभएको छ । नेकपाले आठौं महाधिवेशनदेखि आफनो कार्यदिशा ठोस गरेको र त्यसभित्र क्रान्तिका झिल्काहरु देखिएकोले आफू प्रभावित भएको बताउनु भयो ।

यस्तै माओवादी केन्द्रका केन्द्रीय सदस्य पर्वतका स्थापित नेता कृष्ण बिकले पनि एक प्रेस विज्ञप्ति जारी गर्दै नेकपामा प्रवेश गरेको घोषणा गर्नुभएको छ। उहाँले माओवादी केन्द्रलाई विचारबाट स्खलित भएको गुटवाद, व्यक्तिवाद, सुधारवाद र संसदवाद हाबी भएको पार्टीमा बस्नु औचित्य नभएको पनि बताउनु भएको छ। उता पूर्वको धनकुटामा पनि माओवादी केन्द्रका जिल्ला सल्लाहकार समितिका सदस्य कुलबहादुर राईसहित ५ जना नेकपामा प्रवेश गरेका छन् । यस्तै दाङमा पनि वाईसिएलका जिल्ला सहसंयोजक अतुल कुँवरसहित ८ जनाले एक प्रेस विज्ञप्ति जारी गर्दै नेकपामा समाहित भएको घोषणा गरेका छन् ।

नामका कम्युनिस्ट पार्टीहरु धेरैवटा भएता पनि देशमा मूल रुपमा क्रान्तिकारी धार र संसदवादी धार हावी रहेकोले नेकपाले नेतृत्व गरेको क्रान्तिकारी धारमा मानिसहरुको आकर्षण दिन प्रतिदिन बढिरहेको घटनाका रुपमा सो ध्रुविकरण कार्यक्रमलाई हेरिएको छ।

## अधिकारकर्मीद्वारा ...

कास्की, नवलपरासी, काठमाडौं, दोलखा, सल्यान, धादिङ, पर्वत, महोत्तरीलगायतका जिल्लाहरुमा सरकारका सुरक्षाकर्मीबाट राजनीतिक आस्थाका आधारमा युद्धकालमा जस्तै बिनाकारण झूट्टा मुद्दा लगाई गिरफ्तार गरी केहीलाई बेपत्ता पारिएको तथा केहीलाई थुनामा राखी यातना दिएकाले तुरुन्त रिहा गर्न भन्दै प्रेस वक्तव्य जारी गरी सार्वजनिक गरेको र राजनीतिक आधारमा सरकारका सुरक्षाकर्मीद्वारा पक्राउ गरिएको भन्ने विभिन्न सञ्चारमाध्यमबाट प्रकाशित समाचारप्रति जनअधिकार अभियान नेपालको गम्भीर ध्यानाकर्षण भएको छ।

निर्वाचन हुनै लाग्दा गरिएको यस प्रकारको धरपकड, गिरफ्तारी तथा यातना दिने कार्यप्रति राष्ट्रिय मानवअधिकार आयोग, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाहरुलगायत सबैको ध्यानाकर्षण गराउँछौं।

निर्वाचनमा सहभागी हुने वा नहुने व्यक्तिको वैयक्तिक स्वतन्त्रता भएको र आफ्ना जायज मागहरुसहित शान्तिपूर्ण विरोध गर्न पाउनुसमेत नागरिकको मौलिक हक एवं नागरिक तथा राजनीतिक अनुबन्धद्वारा प्रत्याभूत मानवअधिकारसमेत भएकोले नागरिकको मौलिक हक, अधिकार र मानवअधिकारको प्रत्याभूति तथा सम्मान गर्न, राजनीतिक आस्था र विचारको आधारमा पक्राउ नगर्न, मुद्दा नलगाउन, थुनछेक नगर्न र यातना नदिनसमेत जनअधिकार अभियान नेपाल नेपाल सरकार, सुरक्षानिकाय र सम्बन्धित सबैको गम्भीर ध्यानाकर्षण गराउँछ।

साथै, राजनीतिक विषयहरु वार्ता तथा राजनीतिक तवरबाटै समाधान गर्न पनि जनअधिकार अभियान नेपाल सम्बन्धित सबै पक्षलाई आग्रह गर्दछ।

## पछिल्लो राजनीतिक ...

सल्लाहकारले नाम उल्लेख नगर्ने सर्तमा भनेका छन्। सही सूचना र संयम गुमाएको त्रसित कमान्डरले जथाभावी गोली बर्साउँछ भन्ने कथन चरितार्थ पार्ने अवस्थामा सरकार रहेको छ।

चुनावमा उम्मेदवारी दर्ता गरिएलगत्तै शान्तिपूर्ण प्रचारमाथि अवरोध पुऱ्याउन थालिएको छ। त्यसपछि नेकपाका नेता र कार्यकर्ताहरू पनि अर्धभूमिगत अवस्थामा जान र तोडमोड गर्न बाध्य भएका छन्। भएगरेका गतिविधिहरू सरकारको अपेक्षाविपरीत चर्चामा छन् । सरकारले नेकपाका २ जना केन्द्रीय सदस्यसहित सयौं कार्यकर्तालाई गिरफ्तार गरिसकेको छ। सरकारको जनविरोधी हर्कतले देशलाई व्यापक ध्रुवीकरणतर्फ घिसारिरहेको छ र त्यसले संसदीय सर्वोच्चतामा पहिरो गइरहेको अवस्था छ।

नेपालको दलाल सत्ता शक्तिकेन्द्रहरूको तानातानमा परेको छ। न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाहरूका बीचमा शक्ति सङ्घर्ष चलिरहेको छ। त्यसप्रकारको स्थितिले पनि दलाल सत्ता र त्यसका कारिन्दाहरू मालिकको इशारामा चल्छन् । जसका कारण उनीहरूका बीचमा सङ्घर्ष चलिरहन्छ र देशमा भाँडभैलो भैरहन्छ । राष्ट्रियता र जनजीविका दयनीय बन्दै गएको छ । संसदीय व्यवस्था रहेसम्म त्यसप्रकारको स्थितिमा सुधार सम्भव छैन र सङ्कट तथा अराजकता बढ्दै जानेछ।

आफूलाई कम्युनिस्टको दाबी गर्ने माओवादी केन्द्र (माके) र नेपाली काङ्ग्रेसले वैशाख ३१ गते हुने भनिएको चुनावका लागि साझा उम्मेदवारी दिएका छन्। दिल्लीको इशारामा बनेको सत्ता गठबन्धनलाई जनताको तहसम्म विस्तार गर्ने प्रयोजनतका लागि यो गठबन्धन बनेको छ। यो गठबन्धनबाट माके अब भारतीय विस्तारवादको नयाँ दलाल बनिसकेको र त्यो गुट दलाल पुँजीपति वर्गको प्रतिनिधिमा पतन भएको पुष्टि गरिसकेको छ । यो गठबन्धन नेपाली काङ्ग्रेसको लामो विरासतको विपक्षमा मात्र छैन, उसको खस्कँदो साङ्गठनिक आधार र गिर्दो मनोबलको सङ्केत पनि हो। अर्कोतिर कम्युनिस्टकै नाममा नेकपा (एमाले) र भाजपाको नेपाली दलाल मानिने राप्रपा थापा समूहसँग गठबन्धन भएको छ। कमल थापासँग चुनावी तालमेल गरेर एमालेको दिल्लीसँग सम्बन्ध सुधार्ने चाहेको जनाउ पनि दिएको छ । संसदीय व्यवस्था नै दलाल व्यवस्था भएको कारण उनीहरू सबैको केन्द्रमा साम्राज्यवाद रहेको हुन्छ। नेपालको संसदीय व्यवस्थाको केन्द्रमा भारतीय साम्राज्यवाद छ । फरकजस्ता लाग्ने, कुर्सीका लागि चर्को झगडा र तानातान गरिरहने संसदीय चरित्र नै हो । त्यसप्रकारको नक्कली भिडन्तको पृष्ठभागमा बसेर सबैलाई साम्राज्यवादले निर्देशित र नियन्त्रित गरिरहेको हुन्छ। जसरी राप्रपा र काङ्ग्रेसका बीचमा अन्तर छैन, त्यसरी नै एमाले र माकेका बीचमा पनि आधारभूत अन्तर रहेको छैन । मधेसकेन्द्रित दलहरूको एउटा समूह अनपेक्षित रूपमा चुनावमा भाग लिन गएको छ र अर्को समूह तराईमा दिल्लीको जगेडा शक्तिका रूपमा चुनावबाहिर राखिएको छ । त्यसप्रकारको नियन्त्रित अस्थिरता चलिरहने देखिन्छ।

प्रचण्ड सरकारले नेकपाका कार्यकर्तामाथि मात्र दमन गरेको छैन उसले नेकपा (एमाले) र सर्वसाधारण जनतालाई पनि पक्राउ गरेको छ । त्यो सङ्ख्या सयौंको छ। नेकपाका महासचिव विप्लवले सरकारी दमनबाट नझुक्न र प्रतिरोध जारी राख्न अपिल गर्नुभएको छ । उहाँको प्रचण्ड सरकारको दमनको प्रतिरोध गरिने र त्यसबाट उत्पन्न अप्रिय परिणामको जबाफदेही सरकार नै हुनुपर्ने बताउनुभएको छ । सरकारी दमन र प्रतिरोधको स्थिति हेर्दा देशलाई सरकारी चुनावले स्थिरता होइन, भयानक द्वन्द्वतिर धकेल्ने निश्चित छ । चुनावले शान्ति, स्थिरता र विकास होइन, द्वन्द्व, अराजकता र भ्रष्टाचार तथा राष्ट्रघातलाई संस्थागत गर्नेछ। यसले दलालीकरण र राष्ट्रघात एवम् भ्रष्टाचार बढाउनेछ । दलहरूले कर्मचारीको नेतृत्वमा स्थानीय निकाय रहँदा व्यापक भ्रष्टाचार भएको आरोप लगाएका छन् । त्यसप्रकारको आरोपमा कुनै सत्यता छैन। किनकि पार्टीका नेताहरूकै संलग्नतामा भ्रष्टाचार भएको हो। अब चुनावपछि भ्रष्टाचार झन् अनियन्त्रित हुनेछ। त्यसकारण वर्तमान परिस्थिति झन् सङ्कटग्रस्त र क्रान्तिका लागि अनुकूल बन्दै गएको छ।

## चुनाव खारेजी अभियान ...

बेला भुवन गुरुङ्ग, राजकुमार तामाङ्ग, प्रवेश तामाङ्ग लगायतकालाई पक्राउ गरेको हो। उता सिन्धुलीका जिल्ला सेक्रेटरी हरिकृष्ण घिमिरेलाई छोरी लिएर उपचारको लागि अस्पताल जाँदै गर्दा बाटोबाट नै गिरप्तार गरेको छ। त्यहाँ घिमिरेसहित अन्य ३ जनालाई पनि गिरप्तार गरिएको छ। उता प्रचण्डका भाई नारायण दाहालको ठाडो निर्देशनमा चितवनका एक व्यापारीलाई पनि पक्राउ गरेको छ। सुर्यमुखी छापाखानाका मालिक रवीन मिश्रलाई पनि पक्राउ गरेको छ । चितवनमै अनेमसंघ (क्रान्तिकारी)की केन्द्रीय सदस्य तथा चितवन जिल्ला अध्यक्ष विष्णु कोइरालालाई भरतपुर हाकिमचोकस्थित घरमा बसिरहेको अवस्थामा पक्राउ गरेको छ। साथै अखिल नेपाल शिक्षक संगठनका जिल्ला अध्यक्ष कृष्ण परियारलाई पनि घरबाटै पक्राउ गरेको छ । सुर्खेतका सेक्रेटरी रामबहादुर खड्कालाई पनि पक्राउ गरेको छ।

### झुठा मुद्दामा फसाउने षड्यन्त्र

चुनावी परिणाम आफनो पक्षमा पार्न र अन्य दलहरुलाई विस्थापित गर्न भन्दै हालका उर्जा मन्त्री एवं माओवादी केन्द्रका नेता जनार्दन शर्मा दलबल (पेशेवर गुण्डासहित) केही दिन पहिले रुकूम पुगेका थिए । उनको रुकुम प्रवेशँगै पैदल मार्गबाट दश वटा गाडीमा प्रहरी रुकुमतिर लागेको थियो । उनी त्यहाँ पुग्नासाथ ५४ जना नेकपाका जिल्लास्तरका नेता कार्यकर्ता पक्राउ परे । शान्तिपूर्ण कार्यक्रम गरिरहेका बेला जिल्ला सेक्रेटरी चन्द्रबहादुर बुढासहित गिरफ्तार गरिए। कतिपयलाई बाटोमा हिडिरहेको र घरमा बसिरहेको अवस्थामा समेत पक्राउ गरियो । ५४ जनामध्ये अहिले १९ जनालाई झुट्ठा मुद्दामा फसाउने षड्यन्त्र भइरहेको बताइएको छ । नाम गोप्य राख्ने शर्तमा एकजना प्रहरी अधिकारीले दिएको जानकारी अनुसार चुनावको लागि मुख्य चुनौती विप्लव माओवादी हो भन्दै मन्त्री शर्माले नेकपाका कार्यकर्तालाई पक्राउ गर्न प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुख अंगुर जी.सी.लाई ठाडो आदेश गरे । प्रहरी अधिकारी भन्छन्- बैशाख १९ गतेभित्र नै विप्लवका कार्यकर्ता पक्राउ गर्न नसकेमा तपाईको जागिर धरापमा पर्छ भन्ने चेतावनी पछि डिएसपी अंगुर जी.सी.ले बिनाकारण पक्राउ गर्न बाध्य हुनुभएको हो । जिल्लामा मानवअधिकारवादी, आईसिआरसी लगायत विभिन्न पक्षद्वारा सर्वत्र आलोचना भएपनि दोश्रो चरणको चुनावसम्म कुनै न कुनै बहानामा मुद्धा लगाउनुपर्छ भन्ने शर्माले दबाव दिएको बताइएको छ। नेकपाका कार्यकर्ता पक्राउको विषयलाई लिएर नयाँ शक्ति पार्टी रुकुम र संघीय समाजवादी पार्टी रुकुमले छुट्टा छुट्टै विज्ञप्ति जारी गर्दै लोकतान्त्रिक राज्यको उपहास हुनेगरी गरिएको गिरफ्तारी र झुट्ठा मुद्धा लगाउने तयारी गलत हो भन्दै विरोध गरेका छन् । साथै विज्ञप्तिमा चुनाव बहिष्कार गर्न पाउने पार्टी, संस्था र व्यक्तिको अधिकार कानुनमा सुरक्षित रहेको भन्दै पक्राउ गरिएका नेकपाका नेता-कार्यकर्ता अविलम्ब रिहाई गर्न मागसमेत गरिएको छ । यता नेकपाका महासचिव विप्लवले भने देशमा संसदीय संकट गहिरिँदै गएको र निरंकुशताको झल्को दिने गरी गरिएको दमनको प्रतिरोध गर्न आम पार्टी पंक्ति र कार्यकर्ताहरुलाई निर्देशन दिनुभएको छ । साथै उहाँले सोमबार जारी गर्नुभएको वक्तव्यमा दमनको प्रतिरोधबाट निस्कने परिणामको जवाफदेही सरकार हुनुपर्ने बताउनु भएको छ।

## संसदवादीमा ...

माओवादीका शान्तिपूर्ण कार्यक्रम र सञ्चारमाथिसमेत आक्रमण गरिएको थियो । महासचिव विप्लवले जारी गर्नुभएको वक्तव्यको पूर्ण पाठमा भनिएको छ - हाम्रो पार्टी स्थानीय चुनावको खारेजी अभियानमा रहेको सबैलाई जानकारी नै छ । सो खारेजी अभियानमा रहेका नेता तथा कार्यकर्तालाई संकटकाल सम्झाउने गरी प्रचण्ड सरकारले गिरफ्तार गरेको छ। सरकारले हालसम्म हाम्रो पार्टीका केन्द्रीय सदस्य तथा जनकपुर व्यूरो इन्चार्ज क. सन्देश पौडेल र बैकल्पिक केन्द्रीय सदस्य नारायण महर्जनसहित बर्दीया, रुकुम, काभ्रे, चितवन, सिन्धुली, दैलेख, ललितपुर, कास्की, नवलपरासी, काठमाडौं, दोलखा, सल्यान, धादिङ, पर्वत, महोत्तरीलगायत जिल्लाबाट १५० जनाभन्दा बढी नेता-कार्यकर्ताहरुलाई गिरफ्तार गरेको छ । गिरफ्तार कमरेडहरुलाई युद्धकालमा जस्तै झुठ्ठा मुद्दा लगाएको छ । कैयौंलाई यातना दिएको छ र बेपत्ता पारेको छ । हामी प्रचण्ड सरकारको गिरफ्तारी, तानाशाही दमनको कडा भर्त्सना गर्दछौं। सथै गिरफ्तार गरिएका कमरेडहरुलाई विनाशर्त मुक्त गर्न जोडदार माग गर्दछौं। अन्यथा दमनबाट उत्पन्न हुने प्रतिरोध संघर्षको जिम्मेवार प्रचण्ड सरकारनै हुनुपर्नेछ।

अन्त्यमा हामी सबै पार्टी पङ्क्ति, नेता, कार्यकर्ता, आम नेपाली श्रमजिवि नागरिकहरुलाई प्रचण्ड सरकारको दमनबाट नहड्बडाउन, नआत्तिन र प्रतिक्रियावादी संसदीय चुनावको खारेज अभियानमा डट्न र राज्य आतङ्कको प्रतिरोध गर्न अपिल गर्दछौं। हामीले दुःख, कष्ट व्यहोरेर भएपनि देश र जनतालाई विदेशी दलाल तथा जनविरोधी तत्वहरुको उत्पीडनबाट जोगाउने आँट गर्नैपर्छ । धन्यवाद !

## नेकपा (क्रान्तिकारी माओवादी ...

बाबुरामहरुको वर्गीय तथा राष्ट्रिय आत्मसमर्पणवादमा भएको पतनले यो खतरालाई आज कैयौं गुणा बढाइदिएको छ। भारतीय साम्राज्यवादको निर्देशन र स्वार्थ अनुकूल संविधान संशोधन विधेयक संसदमा टेबुल गरिएको छ । यसले एकातिर सत्तासिन संसदवादीहरु सिक्किमिकरण गर्ने भारतीय साम्राज्यवादी गुरुयोजनाका वफादार कारिन्दाको रुपमा पतन भएको पुष्टि गर्दछ भने अर्कोतिर राष्ट्रिय स्वाधिनता, अखण्डता र सार्वभौमिकताको रक्षाको लागि क्रान्तिकारीहरुको काँधमा सम्पूर्ण देशभक्तहरुको आन्दोलन संगठित गर्ने ऐतिहासिक अभिभारा थपिएको कुरालाई पुष्टि गर्दछ।

त्यसैगरी प्रचण्ड मण्डलीको गद्दारी र धोखाधडिले तुहिन पुगेको नेपाली क्रान्ति पुनर्गठित गर्दै संसदवादी दलालहरुद्वारा षड्यन्त्रपूर्वक लाद्न खोजिएको संसदीय फाँसीवादबाट नेपाली जनतालाई मुक्त गर्ने अभिभारा पनि यतिबेला हामी क्रान्तिकारीहरुकै काँधमा आएको छ । यो संगीन घडिमा एकीकृत जनक्रान्तिको महत्वलाई स्थापित गर्दै दृढतापूर्वक अगाडि बढ्नुको विकल्प छैन।

यो स्थितिमा वैद्य माओवादीलगायत विभिन्न कम्युनिस्ट समूहमा रहनुभएका इमान्दार, निष्ठावान क्रान्तिकारीहरु र देशभक्तहरु सबैलाई गम्भीरतापूर्वक सोच्न र क्रान्तिको बाटो रोज्न अनुरोध गर्दै अहिलेको सच्चा कम्युनिस्ट नेकपा र यसको सही र समृद्ध कार्यदिशा एकिकृत जनक्रान्तिको झण्डामुनि सगौरव ध्रुवीकृत हुन आव्हान गर्दछु।

» *रातो खबर साप्ताहिक मार्फत केही भन्नु छ कि ?*

अन्त्यमा, जनताको पक्षमा सत्य सूचना र क्रान्तिकारी विचार प्रवाह गर्दै आएको तपाईहरुको यो जनप्रिय प्रकाशन 'रातो खबर' जस्तोसुकै कठिन घडिमा पनि अविचलित रुपले आफनो उदेश्य पूरा गरिराखोस् भन्ने शुभेच्छासहित मेरा विचारहरु सम्प्रेषण गरिदिनुभएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु।

## अक्टोवर क्रान्तिको ...

विकास, समाजवादको निर्माण, पार्टीमा देखा पर्ने विभिन्न प्रकारका दक्षिणपन्थी वा उग्र"वामपन्थी" भड्कावहरूका विरुद्धको सङ्घर्ष वा फासिष्ट विरुद्धको युद्धमा स्तालिनको अत्यन्त ठूलो र ऐतिहासिक भूमिका रहेको थियो । तर ख्रुश्चेभले स्तालिनको भर्त्सना गरेपछि विश्व कम्युनिस्ट आन्दोलनमा उनको विरोध गर्ने प्रवृत्ति निकै फैलिएर गयो र कतिपय मार्क्सवादी-लेनिनवादीहरूले पनि स्तालिनको विरोध गर्ने गर्दछन् । मार्क्सवाद-लेनिनवादको सृजनात्मक विकासमा माओको ऐतिहासिक भूमिका रहेको छ । खास गरेर ख्रुश्चेभको नेतृत्वमा देखापरेको संशोधनवादको विरुद्धको सङ्घर्षमा उनको अन्तरष्ट्रिय स्तरमा नै ठूलो योगदान रह्यो । तर त्यसका साथै चीनमा देखापरेको पूँजीवादको पुर्नस्थापनाको खतरा विरुद्ध उनको नेतृत्वमा महान् सर्वहारा सांस्कृतिक क्रान्तिले पनि खालि चीनको लागि मात्र होइन, अन्तर्राष्ट्रिय रूपमा ठूलो सैद्धान्तिक महत्व राख्दछ । तर अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा माओ र सांस्कृतिक क्रान्तिको विरोध गर्ने प्रवृत्तिहरू पनि व्यापक रूपमा देखापरेका छन् ।

आज अन्तर्राष्ट्रिय स्तरमा समाजवादी क्रान्ति वा कम्युनिस्ट आन्दोलनको बलियो आधार छ । विश्व पूँजीवादमा बढ्दै गइरहेको सङ्कटले समाजवादी क्रान्तिका लागि वस्तुगत परिस्थितिलाई परिपक्व बनाउँदै लगिरहेको छ। तर आत्मगत पक्ष कमजोर छ । त्यस प्रकारको अवस्थामा अहिलेको स्थितिमा परिवर्तन गर्नुपर्ने वा आत्मगत स्थितिलाई बलियो बनाउनुपर्ने आवश्यकता छ। तर त्यो कार्य त्यो बेलासम्म सम्भव हुने छैन, जबसम्म जुन गलत प्रवृत्तिहरूले विश्व समाजवादी व्यवस्था वा विश्व कम्युनिस्ट आन्दोलनलाई कमजोर बनाएर तिनीहरूलाई निराकरण गरिने छैन। त्यसको अर्थ यो पनि हुन्छ, सबै प्रकारका गैरसर्वहारा वा गैरकम्युनिस्ट प्रवृत्तिहरूका विरुद्ध सैद्धान्तिक सङ्घर्ष। त्यसको अर्थ यो पनि हुन्छ, मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ विचारधाराका आधारभूत सिद्धान्तहरू, स्तालिन र माओ, चीनको महान् सर्वहारा सांस्कृतिक क्रान्ति समेतको पक्षमा सम्झौताहीन प्रकारको सैद्धान्तिक सङ्घर्ष।

कम्युनिस्ट आन्दोलनमा संशोधनवाद खाली सैद्धान्तिक र राजनीतिक रूपमा मात्र देखापर्दैन, त्यो सङ्गठनात्मक रूपमा पनि देखा पर्दछ । मार्क्सवादी-लेनिनवादी सङ्गठन प्रणालीको विकासको लामो इतिहास छ । मार्क्स-एङ्गेल्सको पालादेखि सङ्गठनको क्षेत्रमा भएका लामो अनुभव, गलत सोचाइहरूका विरुद्ध भएको लामो सङ्घर्ष वा गल्तिहरूको सैद्धान्तिक विश्लेषण र संस्लेषणपछि नै मार्क्सवादी-लेनिनवादी सङ्गठनात्मक प्रणालीको विकास भएको हो । जब कुनै पार्टीले सैद्धान्तिक र राजनीतिक रूपले एक वा अर्को प्रकारले संशोधनवाद र भड्कावको बाटो समात्छ, त्यसको असर सङ्गठनात्मक प्रणालीमा पनि पर्दछ र सङ्गठनात्मक प्रणालीले मार्क्सवादी-लेनिनवादी प्रणालीका ठाउँमा अराजकतावादी वा पूँजीवादी रूप लिँदै जान्छ । त्यो अवस्थामा कम्युनिस्ट पार्टीको पतन हुनु अनिवार्य छ।

कम्युनिस्ट पार्टीलाई सङ्गठनात्मक रूपले मार्क्सवादी-लेनिनवादी रूपमा कायम राख्नु अत्यन्त कठिन कार्य हो। एकातिर, विश्वपूँजीवादी संस्कृति र जीवनशैलीको असर, अर्कातिर, स्वयं कम्युनिस्ट आन्दोलनमा बढ्दै गइरहेका विभिन्न प्रकारका गैर-मार्क्सवादी-लेनिनवादी प्रवृत्तिहरूका कारणले कम्युनिस्ट पार्टीको सङ्गठनात्मक प्रणालीलाई सही अर्थमा कम्युनिस्ट पार्टीको रूपमा बचाएर राख्नु अत्यन्त कठिन कार्य भएको छ। त्यसका साथै यो पनि सत्य हो कि कम्युनिस्ट पार्टीलाई सही अर्थमा कम्युनिस्ट पार्टीको रूपमा सङ्गठित नगर्दासम्म त्यसले क्रान्तिकारी जिम्मेवारी पनि पूरा गर्न सक्दैन।

अक्टोबर क्रान्तिको शतवार्षिकी कार्यक्रमलाई हामीले खालि कुनै चाडको रूपमा अपनाउँदैनौं । त्यसको महत्व कम्युनिस्ट आन्दोलनलाई सही र सैद्धान्तिक धरातलमा स्थापित गर्ने कुरासित सम्बन्धित छ। अर्का शब्दमा त्यसलाई हामीले विश्वस्तरमा र नेपालमा पनि समाजवादी वा क्रान्तिकारी आन्दोलनलाई उच्च रूपमा अगाडि बढाउन पनि उपयोग गर्नु पर्दछ। त्यो अर्थमा नै हामीले अक्टोबर समाजवादी शतवार्षिकी कार्यक्रमलाई मनाउँदै छौं र मनाउनु पर्दछ।

आज हामीले यो अन्तरक्रिया कार्यक्रमलाई संयुक्त रूपले आयोजना गरेका छौं । अन्तरक्रिया कार्यक्रमको सिलसिलामा वामपन्थीहरूको बीचमा कायम भएको त्यो एकतालाई हामीले अरू उच्च स्तरमा अगाडि बढाउन प्रयत्न गर्नुपर्ने आवश्यकता छ। त्यसरी नै हामीहरू अक्टोवर क्रान्तिले देखाएको दिशामा सशक्त रूपले अगाडि बढ्न सक्दछौं र बढ्नु पनि पर्दछ । त्यो हाम्रो नेपालको कम्युनिस्ट आन्दोलन मात्र होइन, अन्तर्राष्टिय कम्युनिस्ट आन्दोलन प्रतिको पनि जिम्मेवारी हो। धन्यवाद !

नियमित

# जनगणतन्त्र कोरियाको सफल यात्रा


अशोक सुवेदी

साम्राज्यवादलाई तहसनहस पारिरहेको जनवादी गणतन्त्र कोरियाको दोस्रो यात्रा ऐतिहासिक रूपमा सम्पन्न भएको छ । कोरिया सरकारको जिम्मेवार निकाय कोरियाली समाज वैज्ञनिकहरूको सङ्गठन (कास) को निमन्त्रणामा नेपाल कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य कमरेड भरत बम रणवीरसहित आठजनाले यसपटक राजधानी प्योङ्याङमा आयोजित साम्राज्यवादविरुद्ध अन्तर्राष्ट्रिय अभियानमा ऐक्यबद्धता जनाए । संसारका करिब ४५ देशबाट सहभागी ६० भन्दा बढी पार्टी/संस्था/सङ्गठनका करिब डेढ सय प्रतिनिधिबीच सङ्कटग्रस्त साम्राज्यवादको पछिल्लो अवस्था, जनवादी गणतन्त्र कोरियाले जुछे विचार अवलम्बन गर्दै स्वाधीन, मुक्त, समृद्ध कोरिया निर्माण गर्नुका साथै सोही विचारको माध्यमबाट विश्व साम्राज्यवाद र त्यसको नाइके अमेरिकी साम्राज्यवादलाई दिएको चुनौती, उत्पीडित राष्ट्र तथा जनताले गर्नुपर्ने वर्गसङ्घर्षको तयारी, साम्राज्यवादविरुद्ध र समाजवाद स्थापनाका लागि संसारभर सञ्चालित आन्दोलनका विषयमा आयोजित अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिएर नेपाली प्रतिनिधिहरूले पनि गम्भीर बहस गरे ।

पहिलो यात्रामा नेपालबाट आमूल परिवर्तनका पक्षपाती दुईजना मात्र थियौँ- क. माणिक लामा र म । पहिलो यात्राबाट फर्किएपछि स्थापना गरिएको नेपाल-कोरिया लेखक/पत्रकार मञ्च (NEPAL-DPRK Writers|Journalist Forum) को पहलमा यसपटक अर्को यात्रा गर्दा कोरियासँगको सम्बन्ध विस्तार गर्ने, कोरियालाई बुझ्ने र बुझाउने विषयमा ठूलो सफलता हात लागेको छ । कमरेड रणवीर र माणिक लामाका साथै संस्थाका सल्लाहकारहरू राजनीतिक विश्लेषक एवम् लेखक प्रा.डा. सुरेन्द्र केसी, नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य एवम् वरिष्ठ मार्क्सवादी लेखक हस्तबहादुर केसी, अनेरास्ववियू (क्रान्तिकारी) का केन्द्रीय अध्यक्ष पूर्णबहादुर सिंह, अनेरास्ववियू (क्रान्तिकारी) का केन्द्रीय सदस्य सरोज भण्डारी र जनगणतान्त्रिक मञ्चका ताराबहादुर (अर्जुन) कटवालको सहभागिताले यसपटकको यात्रा झनै उद्देश्यपूर्ण र व्यापक बनेको छ । दुई पार्टी सम्बन्ध विस्तार, विश्वासमा वृद्धि, आपस सद्भावमा वृद्धि, संसारभरका समाजवाद पक्षधरहरूसँगको हेलमेल र सम्पर्क, उत्तरसाम्राज्यवादविरुद्धको लडाइँमा ऐक्यबद्धता, जनगणतन्त्र कोरियाले जनतालाई दिएको समाजवाद र समृद्धिको अध्ययन, सरकार, पार्टी र जनस्तरमा विश्वास र वर्गीय माया आदानप्रदान यसपटकको यात्राका लक्ष्य यिनै थिए र मूलतः यी लक्ष्यहरू सार्थकतातिर अघि बढेका छन् ।

कोरियाली जनताका लोकप्रिय नेता एवम् आधुनिक कोरियाका जन्मदाता किम इल सुङको १०५ औँ जन्मजयन्ती (सन्स डे) को सन्दर्भ पारेर कोरिया सरकारको उक्त सङ्गठनले गरेको आमन्त्रणमा मञ्चका प्रतिनिधिहरू अप्रिल १३ (चैत २७) मा चीनको बाटो हुँदै ३१ गते कोरियाको राजधानी प्योङ्याङ पुगेका थिए । नेपाली प्रतिनिधिहरूले अप्रिल १४ मा साम्राज्यवादविरुद्ध



तस्बिर : पूर्णबहादुर सिंह

कोरियाको प्योङ्याङमा आयोजित पुस्तक लोकार्पण कार्यक्रम

अन्तर्राष्ट्रिय ऐक्यबद्धता अभियानअन्तर्गत अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिए र कोरियाली क्रान्ति र मुक्तिको उदाहरणबाट साम्राज्यवादबाट उत्पीडित संसारकै जनताले धेरै सिक्नसक्ने र सिकिरहेको निष्कर्ष निकाले । उक्त दिनको साँझ होटेल कोरियोको विशेष कक्षमा आयोजित एक विशेष कार्यक्रममा मञ्चका तर्फबाट कोरियाली वर्कर्स पार्टीका वरिष्ठ उपाध्यक्ष किम की नामसँग भेटवार्ता गरी संस्थाको लोगो, लोगो अङ्कित टोपी र टिसर्ट हस्तान्तरण गरिएको थियो । सोही दिन नेकपाका स्थायी समिति सदस्य एवम् अन्तर्राष्ट्रिय विभागका प्रमुख कमरेड धर्मेन्द्र बास्तोलाले पार्टीका पोलिटब्युरो सदस्य कमरेड रणवीरसहित ६ जना कोरियाको ऐतिहासिक भ्रमणमा रहेको जानकारीसहित लेख्नुभएको पत्र, नेकपाका महासचिव कमरेड विप्लवको पुस्तक एकीकृत जनक्रान्तिको तेस्रो संस्करण, नौलो बिहानीको अक्टोबर क्रान्तिको शतवार्षिकी विशेषाङ्क, मञ्चका अध्यक्षले जनगणतन्त्र कोरिया यात्रापछि लेख्नुभएको 'जनवादी गणतन्त्र कोरिया यात्रा र हाइड्रोजन भूकम्प' शीर्षक पुस्तक र चित्रकार रामकृष्ण थापाद्वारा निर्मित चित्र दोभासे पाक जिन हुईका माध्यमबाट कोरियाली वर्कर्स पार्टीका अध्यक्ष एवम् कोरियाली जनमुक्ति सेनाका सुप्रिम कमान्डर मार्सल किम जोङ उनलाई उपहारका रूपमा हस्तान्तरण गरिएको थियो ।

नेपाली प्रतिनिधि अप्रिल १५ मा कोरियाको राजधानी प्योङ्याङस्थित जुछे स्क्वायरमा आयोजित सन्स डेको भव्य समारोहमा पचासौँ हजार कोरियाली जल, स्थल, वायु, प्रविधि सेनाको शक्तिशाली परेड, अत्याधुनिक हतियार, मिसाइल, ब्यालेस्टिक-क्षेप्यास्त्र र सैनिक ट्याङ्कहरू प्रदर्शन, जनसांस्कृतिक कार्यक्रम, अपेरा तथा आतिसबाजी कार्यक्रममा सहभागी भएका थिए । कोरियाली वायु सेनाका अत्याधुनिक लडाकु विमानले आकाशमै निर्माण/प्रदर्शन गरेको १०५ अङ्क र रङहरूको वर्षाको पनि अवलोकन भयो । उक्त समारोहमा कोरियाली जनमुक्ति सेनाका प्रमुख तथा कोरियाली वर्कर्स पार्टीका अध्यक्ष मार्सल किम जोङ उनले संसारभरबाट उपस्थित प्रतिनिधि, जनसेना र जनसमुदायलाई गरेको अभिवादन र नेपाली प्रतिनिधिहरूको प्रतिक्रिया अविस्मरणीय रह्यो । अप्रिल १६ मा नेपाली प्रतिनिधिले म्याङ्योङडेस्थित कोरियाली नेता किम इल सुङको जन्मघर अवलोकन गरी किम इल सुङले किशोरावस्थादेखि नै सामन्तवादविरुद्ध र त्यसपछि जापानी-अमेरिकी साम्राज्यवादविरुद्ध गरेको सङ्घर्ष, क्रान्तिमा उनको परिवारको योगदान-बलिदानका कथा र गाथाहरूले हाम्रा प्रतिनिधिहरूलाई आमूल परिवर्तनमा क्रान्ति र सही नेतृत्वको महत्व, त्यसमा आबद्ध भएर सबैखाले शोषण र विभेद अन्त्य गर्दै मुक्त हुनुको गहिराइ अनुभूत र उद्वेलित गरायो । त्यसपछि नेपाली प्रतिनिधिहरू नेता किम इल सुङ र नेता किम जोङ इलको भव्य सालिक रहेको स्थानमा पुष्पार्पण कार्यक्रममा सहभागी बनेका थिए ।


अप्रिल १७ मा नेपाली प्रतिनिधिहरू छिनछङ समूहका तर्फबाट रातो टोपीमा गेट टुगेदर मैत्री र सद्भाव आदानप्रदान तथा खेलकुद कार्यक्रममा सहभागी भए । सोही दिन आयोजित बनभोज/सहभोज कार्यक्रममा संस्थाका प्रतिनिधिहरूले 'गाउँगाउँबाट उठ, बस्तीबस्तीबाट उठ' शीर्षक गीत गाउँदै र नाच्दै संसारको ध्यान नेपालतिर आकर्षित गर्न सफल भए । अप्रिल १७ मा हाम्रो संस्थाका प्रतिनिधिहरूले फादरल्यान्ड लिबरेसन वार म्युजियमको अवलोकन भ्रमण र युथ मुभमेन्ट म्युजियम अवलोकन गर्नुका साथै जुछे विचारधारा तथा सङ्गुन पोलिटिक्सले कोरियालाई साम्राज्यवादबाट मुक्त गराउनुका साथै समाजवाद स्थापना र त्यसको परिणामस्वरूप जनगणतन्त्र कोरियाले जनतालाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारीको ग्यारेन्टी गर्न सकेको जानकारी हासिल गरेका थिए । नेपाली प्रतिनिधिहरूले किम इल सुङ र किम जोङ इलको शव राखिएको दरबार कुमसुसान प्यालेसको पनि अवलोकन गरे ।

अप्रिल १८ मा कोरियाको विगतदेखि वर्तमानसम्म झल्काउने डकुमेन्ट्री अवलोकन गरियो । अप्रिल १८ मै मेरो अघिल्लो कोरिया यात्राका सन्दर्भमा लेखिएको 'जनवादी गणतन्त्र कोरिया यात्रा र हाइड्रोजन भूकम्प' शीर्षक पुस्तकको दोस्रो संस्करणको लोकार्पण तथा परिचर्चा कार्यक्रम सम्पन्न भयो । कासका महासचिव रि सोङ चोल प्रमुख अतिथि, नेकपाका पोलिटब्युरो सदस्य भरत बम 'रणवीर' विशिष्ट अतिथि र फ्रान्सका प्रोफेसर एलमन्ड जोउभे विशेष अतिथि रहेको उक्त कार्यक्रममा तीनैजनाले संयुक्त रूपमा पुस्तक लोकार्पण गर्नुभएको थियो । प्रमुख अतिथि रि सोङ चोल, संस्थाका सल्लाहकारहरू माणिक लामा, प्राडा सुरेन्द्र केसी, एड्मन्ड जोउभे, शङ्कर भारतीलगायतले पुस्तक, कोरिया, यात्रा र साम्राज्यवादविरुद्ध सङ्घर्षका बारेमा बोल्नुभयो । संस्थाका सल्लाहकारहरू हस्तबहादुर केसी, पूर्णबहादुर सिंह, सदस्य सरोज भण्डारीलगायतले सहजीकरण गर्नुभयो । मञ्चका तर्फबाट अतिथिहरूलाई संस्थाको लोगो, लोगो अङ्कित टोपी र टिसर्ट हस्तान्तरण गरिएको थियो । लोकार्पणपछि संसारभरबाट सहभागी प्रतिनिधिहरूलाई पुस्तक उपहार दिइएको थियो । अप्रिल १६ मा नेपाली प्रतिनिधिहरूले अत्याधुनिक साइन्स एन्ड टेक्नोलोजी कम्प्लेक्सको अवलोकन भ्रमण गरी कोरियाले विज्ञानप्रविधिमा गरेको योगदान र अन्तरिक्षसम्म पुऱ्याएको पहुँचका बारेमा जानकारी हासिल गरेका थिए । सोही दिन चिल्ड्रेन अस्पताल, डेढ सय मिटर अग्लो जुछे टावर, सुरुङ मार्ग र भूमिगत रेल स्टेसन अवलोकन गरियो ।

मञ्चले कोरियाबाट फर्कने क्रममा चीनको छेन्दुस्थित माओका भव्य सालिक रहेको स्थानमा 'माओका योगदानहरू' विषयमा गोष्ठीसमेत आयोजना गऱ्यो । समग्रमा पार्टीको पीबी स्तरको नेतृत्व, विद्यार्थी सङ्गठनका अध्यक्षदेखि राजनीतिक विश्लेषक र लेखकसम्मले गारेको यसपटकको कोरिया यात्रा अर्थपूर्ण, सन्देशमूलक र ऐतिहासिक बनेको छ ।

# कतारमा अन्तर्राष्ट्रिय मजदुर दिवस

शिशिर भण्डारी/कतार



नेपाली जनप्रगतिशील मोर्चा कतारले १२८ औँ अन्तर्राष्ट्रिय मजदुर दिवस र नयाँ वर्ष २०७४ को शुभकामना आदानप्रदान कार्यक्रम एक साथ भव्य रूपले मनाएको छा ँसंसारका मजदुरको एकता आजको आवश्यकता, मजदुर हकहितको दिशामा हाम्रो प्रतिबद्धता□ भन्ने मूल नाराको साथमा आयोजना गरिएको १२८ औँ अन्तर्राष्ट्रिय मजदुर दिवस मोर्चाको आयोजक समितिको आयोजनामा भएको थियो । मनग्गे मजदुरहरूको उपस्थिति रहेको कार्यक्रममा आयोजक समितिका संयोजक तथा मोर्चाका केन्द्रीय सचिव राजेश ओलीले अध्यक्षता गर्नुभएको थियो । केन्द्रीय सदस्य जयकिशोर पोद्दारले सञ्चालन गर्नु भएको कार्यक्रमको प्रमुख अतिथिमा मोर्चाका सल्लाहकार श्रीकृष्ण भट्टराई हुनुहुन्थ्यो भने अर्का सल्लाहकार टङ्क केसी उपस्थित हुनुभएको थियो । त्यसैगरी मोर्चाका अध्यक्ष रेसम पौडेल, उपाध्यक्ष भक्तबहादुर शाही, महासचिव राम कुँवर, कोषाध्यक्ष हेम कार्की, महिला विभाग प्रमुख मनसरी घर्ती र दलित विभाग प्रमुख गणेश विक अतिथि हुनुहुन्थ्यो ।

१८८६ देखि सुरु भएको मजदुर आन्दोलन १० बर्से जनयुद्ध, १९ दिने जनआन्दोलन तथा मजदुर हकहितका निमित्त भएका तमाम आन्दोलनहरूमा आफ्नो बलिदानी दिनुहुने महान् सहिद तथा बेपत्ता पारिएका र अङ्गभङ्ग बनाइएका व्यक्तिहरूको सम्झना र सम्मानस्वरूप १ मिनेट मौनधारण गर्दै प्रमुख अतिथिबाट ब्यानर खोलेर मैनबत्ती बाली कार्यक्रमको उद्घाटन गरिएको थियो । आयोजक समिति सदस्य तथा मोर्चाका सचिव साजन गुरुङले मञ्चमा आसीन सम्पूर्ण अतिथि तथा हलमा उपस्थित सबैलाई मन्तव्यमार्फत स्वागत गर्नुभएको थियो । मतव्यका क्रममा दलित विभाग प्रमुख गणेश विकले दलित मुक्तिकामी एजेन्डाहरू प्रस्तुत गरेर त्यसमाथि टिप्पणी गर्नुभएको थियो । त्यसैगरी महिला विभाग प्रमुख मनसरी घर्तीले मौलिक तथा लैङ्गिक विभेद र महिला हिंसा तथा हकअधिकारका विषयमा बोल्दै महिलाअधिकार कागजमा मात्र सीमित रहेको र यसलाई व्यहारमा उतार्न अझै कसरत गर्न बाकी रहेकाले महिलाले हातको चुरा र सिउँदोको सिन्दुरमा मात्र सीमित नरहन आग्रह गर्नुभएको थियो । महासचिव राम कुँवरले देशका घटनाक्रम र समसामयिक विषयमा बोल्दै देशमा भैरहेको हत्या, हिंसा र बिनाकारण गरिएका धरपकडहरूले देशलाई गृहयुद्धतिर धकेल्ने कुरा राख्दै सरकारले भागबन्डाको नीतिमा व्यक्तिगत स्वार्थ पूरा गर्न राष्ट्रलाई सिक्किमीकरण गर्न लागेकाले एकीकृत जनक्रान्तिको विकल्प नरहेको कुरामा जोड दिनुभएको थियो ।

मजदुर आन्दोलनको इतिहास, राष्ट्रियता र एकीकृत जनक्रान्तिलाई प्रस्ट पार्दै मोर्चाका वरिष्ठ उपाध्यक्ष भक्तबहादुर शाहीले संसारका हरेक क्रान्ति मजदुरले नै सफल गरेको र अब फेरि पनि मजदुरकै काँधमा जिम्मेवारी थपिएको छ भन्दै स्वदेश तथा विदेशमा रहनुभएका मजदुरवर्गलाई एकरूपताका साथ एकीकृत जनक्रान्तिलाई उत्कर्षमा पुऱ्याउनसमेत आह्वान गर्नुभयो ।

मोर्चा अध्यक्ष रेसम पौडेलले कतारमा रहेका मजदुरहरूका हकहितका लागि मोर्चाले निर्वाह गरेको भूमिकाबारे प्रकाश पार्दै आगामी दिनमा पनि मोर्चाले यस्ताखाले योजनाहरूलाई निरन्तरता दिने प्रतिबद्धता जनाउनुभयो । प्रमुख अतिथि तथा सल्लाहकार श्रीकृष्ण भट्टराईले नेपाल सरकार, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार व्यासायिक सङ्घको मिलोमतोमा भएका हरेक गतिविधिहरूको मोर्चाले अनुगमन गरिरहेको र त्यसविरुद्ध बारम्बार आवाज उठाइरहेको भनाइ राख्दै कौडीको भाउमा नेपाली श्रमजीवी जनताको रगत र पसिनालाई बेची कमिसन खानेहरूलाई खबरदारीसमेत गर्नुभयो ।

नेपाली दूतावास कतारलाई सुझाव दिँदै अबका दिनमा पनि यहाँ रहेका पीडित श्रमिकहरूलाई सताउने काम सहन नसकिने र गलत हर्कत गर्ने गिरोहलाई कानुनी दायरामा ल्याई कारबाही गर्न सुझाव दिनुभयो र मजदुरहरूलाई जस्तोसुकै समस्या आए पनि कतारको श्रम कानुनअन्तर्गत रहेर सबै प्रकारका पहलका लागि मोर्चाले विधिवत् रूपमा अगाडि बढ्ने विश्वास दिलाउनुभयो ।

कार्यक्रममा सङ्गठनलाई स्थापना कालदेखि नै हरेक पाइलामा नैतिक तथा भौतिक सहयोग र समर्थन गर्दै सल्लाह र सुझाव दिइरहनुभएका मोर्चाका सल्लाहकार टङ्क केसीलाई प्रमुख अतिथिबाट खादा ओढाई सम्मान गरिएको थियो । कलाकारहरूले प्रगतिशील गीत प्रस्तुत गरेका थिए ।

KDC HOSPITAL
के.डि.सी. हस्पिटल
(100 beded Multispeciality Hospital)
बसुन्धरा चौकी, काठमाण्डौ फोन नं: ४३८५०१०/४३८५०११ फ्याक्स : ४३८५०१२
उपलब्ध सेवाहरु :
२४ घण्टा इमर्जेन्सी सेवा
२४ घण्टा एम्बुलेन्स सेवा
आई.सि.यु/सि.सि.यु
डेन्टल इमर्जेन्सी सेवा
बहिरङ्ग सेवा
जनरल मेडिसिन, जनरल सर्जरी, स्त्री तथा प्रसुती सेवा, हाड जोर्नी, "मुख तथा दन्त स्वास्थ्य सम्बन्धि बिषेशज्ञ सेवा, नाक, कान, घाँटी, यूरोलोजी
अंतरंग सेवा
१०० बेड अस्पताल, जनरल वार्ड, क्याबिन सेवा, शल्य क्रिया, पोस्ट अपरेशन वार्ड, हेमोडाईलाईसिस
अत्याधुनिक परिक्षण सेवा
डिजिटल एक्स रे, टि.एफ.टी, ई.सि.जी, प्याथोलोजी ल्याब परिक्षण, Endoscopy, Echocardiography, USG, CBCT आदी



निर्देशक : अनिल शर्मा, प्रवन्ध निर्देशक : भिमप्रसाद चापागाई, प्रवन्ध सम्पादक : चिन्तामणि घिमिरे, सम्पादक : अशोकप्रसाद सुवेदी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौँ, Email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ